दूषित पानीका कारण हुने रोगप्रति सजग रहौं
- फोहर पानी पिउनाले झाडापखाला, हैजा, टाइफाइड, आउँ, जन्डिसजस्ता रोग लाग्न सक्छ ।
त्यसैले:
- खोला, धारा वा मूलको पानी सीधै नपिऔं।
- पानी उमालेर मात्र पिऔं ।
- उमाल्न सम्भव नभए शुद्धीकरण गरेर मात्र पिऔं ।
- पिउने पानी सफा भाँडामा छोपेर राखौं र सफा भाँडाले पानी झिक्ने गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com


निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० भदौ २२ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 September 08 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २१

# बालबालिकाहरूको दिवाखाजामा अनियमितता
# सरकारको दोष कि शिक्षकको बदमाशी

धर्मेन्द्र चौरसिया, पोखरिया, २१ भदौ/

पर्सा जिल्लाका सामुदायिक विद्यालयहरूमा दिवाखाजाको नाममा अनियमितता भएको पाइएको छ ।

सरकारले पछिल्लो समय कक्षा ६ सम्मका विद्यार्थीहरूलाई दिवाखाजाको व्यवस्था गरेको छ। सोअनुरूप एकजना विद्यार्थीलाई रु १५ बराबरको खाजा विद्यालय सञ्चालन रहेको बखत व्यवस्था गर्नुपर्छ ।

सरकारले साताको छ दिन खुवाउने खाजाको पनि वर्गीकरण गरेको छ । एउटै खाजा सधैं दिन पाइँदैन तर यहाँका कतिपय विद्यालयहरूले नियमितरूपमा एकै प्रकारका खाजाहरू दिने गरेका छन् भने कमै विद्यालयहरूले मात्र दिनपिच्छे फरक तालिका अनुसार खाजा उपलब्ध गराउने गरेका छन् ।

अहिले दिवाखाजाका लागि पनि विद्यार्थीहरूको सङ्ख्या बढाउने गरिएको पाइन्छ ।

दिवाखाजा वितरण हुने कुनै पनि सामुदायिक विद्यालयहरूमा कक्षा ६ सम्मका विद्यार्थीहरूको हाजिरी रजिस्टर र उपस्थिति सङ्ख्यामा कम्तीमा २५ देखि बढीमा शतप्रतिशत फरक हुने गरेको छ।

जुनसुकै बखत र जहिले पनि जाँदा रजिस्टरमा उल्लेख भए अनुसारको विद्यार्थी कक्षाकोठामा भेटिंदैनन्। यसको प्रमुख कारण हो दिवाखाजा । यसअघि छात्रवृत्ति, पुस्तक, स्टेशनरी, पोशाक आदिमा अनियमितताका लागि विद्यार्थी सङ्ख्या बढाइन्थ्यो तर अहिले ती सबैमा बिस्तारै-बिस्तारै कडाइ गरिंदै गएपछि अहिले विद्यार्थी सङ्ख्या बढाउनुको कारणमध्ये दिवाखाजा देखिएको छ । पोखरिया नगरपालिका अन्तर्गतका केही सामुदायिक विद्यालयहरूको हाजिरी तथ्याङ्क र कक्षाकोठाको गणना गर्ने हो भने त्यहाँ कहिल्यै हाजिरी रजिस्टर सरहका विद्यार्थीहरू भेटिंदैनन् ।


तस्वीरः प्रतीक

कक्षा ५ सम्म अध्यापन हुने नेरा दलित प्रावि पोखरिया-६ श्रीसियाको खाजा रजिस्टरमा विद्यार्थी सङ्ख्या १५० उल्लेख छ तर सो विद्यालयमा ३० जनाभन्दा बढी विद्यार्थीहरू कहिले भेटिंदैनन्। यही अवस्था पोखरिया नपा-४ मा रहेको नेरा आधारभूत विद्यालय सतवरियाको छ। बालविकासदेखि कक्षा ६ सम्म अध्ययन हुने यो विद्यालयमा दिवाखाजा खाने विद्यार्थी सङ्ख्या २३० छ, कुल विद्यार्थी सङ्ख्या भने २५० देखाइएको छ तर विद्यालयमा १३० जनाभन्दा बढी विद्यार्थी कहिले भेटिंदैनन्। यी दुई सामुदायिक विद्यालय उदाहरण मात्र हुन् १४ वटा पालिकामा रहेका सामुदायिक विद्यालयहरूको अवस्था अपवादबाहेक यस्तै छ ।

सरकारले प्रतिविद्यार्थी रु १५ खाजाको व्यवस्था गरे पनि सो खाजा साप्ताहिकरूपमा उपलब्ध गराउनका लागि कार्यालय सहायक नियुक्त गरेको छैन, जसले गर्दा खाजा पकाउन पनि समस्या रहेको पोखरिया नगरपालिकास्थित नेरा आधारभूत सतवरियाका प्रधानाध्यापक रामबाबू चौहान बताउँछन् ।

उनले खाजा बनाउनका लागि छुट्टै कर्मचारीको व्यवस्था गरिएको छैन, रु १५ मा सबैथोक व्यवस्थापनका लागि पनि समस्या भएको बताए । त्यसमा पनि खाजा बनेपछि कक्षा ६ सम्मका विद्यार्थीहरूका लागि तोकिएको छ तर त्यसैमा शिक्षक, कर्मचारी र अन्य कक्षाका बालबालिकाहरू पनि आउने गर्छन्। कसलाई रोक्ने समस्या हुन जान्छ।

उनले दिवाखाजाका लागि छ दिनमा एक दिन दूध र सेवई, अर्को दिन चना-आलु-भुजा, अन्डा-भुजा, बिस्कुट आदिको तालिका रहेको र यी खाजा रु १५ मा सम्भव नै नहुने बताए । यही व्यवस्थापनका लागि कसैले विद्यार्थी सङ्ख्या बढाएको हुन सक्ने उनले बताए ।

# सङ्कटमा बचतकर्ताहरू सञ्चालकहरूको मौजमस्ती

प्रस, वीरगंज, २१ भदौ/

करोडौं रुपैयाँ लिएर भागेका सहकारीहरूलाई स्थानीय सरकार तथा प्रहरीले संरक्षण दिइरहेको आरोप पीडितहरूले लगाएका छन् ।

एक वर्षभित्रमा करोडौं रुपैयाँ लिएर वीरगंजबाट तीनवटा सहकारी संस्था फरार भएपनि ती सहकारीका सञ्चालकहरूलाई कसरी, कसले कारबाही गर्ने विषयमा अहिले फरकफरक मत देखा परेका छन् ।

बचतकर्ताहरूका करोडौं रुपैयाँ लिएर भाग्ने सहकारी सञ्चालकहरू खुलेआम घुमिरहे पनि प्रहरी वा सरोकारवाल निकायले बेवास्ता गरिरहेको आरोप लागेको छ । भाग्ने सहकारीका सञ्चालकहरूलाई स्थानीय गुण्डाहरूले संरक्षण दिइरहेका छन् । भागेका सहकारी संस्थाका कार्यालयहरूमा कार्यालय खुल्ने अवधिभरि टोले गुण्डाहरू बस्ने र पीडित बचतकर्ताहरू आफ्नो रकम लिन कार्यालयमा आए थर्काएर भगाउने गरेका पीडितहरूको आरोप छ ।

सानोपाइला बचत तथा ऋण सहकारीले एक अरबभन्दा बढी, दैनिक बचत तथा ऋण सहकारीले १५ करोडभन्दा बढी, यादगार बचत तथा ऋण सहकारीले छ करोडभन्दा बढी बचतकर्ताहरूको रकम लिई फरार भएका उजूरी जिल्ला प्रहरी कार्यालयमा दर्ता रहेका छन् । यसअघि लिङ्करोडमा रहेको प्राइम बचत तथा ऋण सहकारी संस्थाले आठ करोडभन्दा बढी रकम लिई फरार भएको थियो। चारवटा सहकारीमा पाँच हजारभन्दा बढी बचतकर्ताको रकम बचत गरेको प्रहरीको भनाइ छ ।

प्राइम सहकारी केही वर्षअघि भागेको तर अहिलेसम्म कुनै बचतकर्ताको रकम फिर्ता गरिएको छैन। मुद्दा दर्ता छ, बचतकर्ताहरू यताउता दौडधूप गरी दिन बिताइरहेका छन् । त्यसैगरी, सानोपाइलालाई वीरगंज महानगरले सङ्कटग्रस्त घोषणा गर्ने प्रक्रिया अगाडि बढाएको छ । यादगार सहकारीमाथि मुद्दा दर्ता भइसकेको छ। अध्यक्ष राहुल सिंह फरार छन, कोषाध्यक्ष बलराम साह जिल्ला प्रशासन कार्यालयमा दैनिक जाने र आफ्नै घरमा बस्ने गरेको पाइएको छ ।

सङ्घीयतापछि सहकारीहरूको रेखदेख, दर्ता प्रक्रिया, अनुगमन गर्ने अधिकारी स्थानीय तहको जिम्मामा छ । यसअघि डिभिजन सहकारी कार्यालयले हेर्दै आएको थियो ।

पर्सामा लगभग दुई हजारभन्दा बढी सहकारी संस्था दर्ता छन् ।

# औषधि व्यवसायी सङ्घको राष्ट्रिय अधिवेशन वीरगंजमा

प्रस, वीरगंज, २१ भदौ/

औषधि व्यवसायी सङ्घको राष्ट्रिय अधिवेशन वीरगंजमा हुन लागेको छ ।

सङ्घले बिहीवार पत्रकार सम्मेलन गरी भदौ २२ गते शुक्रवार उद्घाटन कार्यक्रम उपराष्ट्रपति रामसहायप्रसाद यादवद्वारा हुने जानकारी गराएको छ।

सङ्घका अध्यक्ष मृगेन्द्रमेहर श्रेष्ठले १४औं राष्ट्रिय अधिवेशनसँगै स्वर्णजयन्ती महोत्सव पनि भएकोले मधेस प्रदेशका मुख्यमन्त्री सरोज यादव, प्रदेश सांसद तथा सङ्घका पदाधिकारीहरू सहभागी हुने जनाएका छन् । नेपालमा आयात, थोक, खुद्रा गरी ३२ हजार व्यवसायी आबद्ध रहेको सङ्घको तीन वर्षको लागि २१ सदस्यीय नयाँ कार्यसमिति चयन गर्ने कार्यक्रम रहेको छ ।

सङ्घकै प्रतिनिधि कुल २१० जनामध्ये हरेक प्रदेशका तीन/तीन जना पर्यवेक्षक पनि तोकिसकेको जानकारी गराउँदै सङ्घ स्थापना भइसकेपछि नेपालमा बिक्री वितरण हुने औषधिको मूल्यमा एकरूपता आएको र आगामी दिनमा हकअधिकारको लागि सङ्घले आवाज उठाउँदै जाने सङ्घका अध्यक्ष श्रेष्ठले जानकारी गराए ।



तस्वीरः प्रतीक

सङ्घसँग आबद्ध व्यवसायीहरूले भारतबाट ५२ प्रतिशत र स्वदेशी उद्योगबाट ४८ प्रतिशत औषधि खरीद गरेर नेपालभरि बिक्री वितरण गर्ने गरेका छन् । नेपालमा वार्षिक रु ६५ अर्बको औषधिको कारोबार हुने गरेको छ ।

सङ्घले नेपाल सरकारसँग व्यवसायी सहायक नियुक्त गर्ने प्रावधान लागू गर्न पाउने व्यवस्था ल्याउनुपर्ने, एक/एक वर्षमा नवीनीकरण गर्ने व्यवस्थालाई

(बाँकी अन्तिम पातामा)

# अनुमतिविना सञ्चालित थप दुई कलेज सिल

प्रस, वीरगंज, २१ भदौ/

वीरगंज महानगरपालिकाको नियमन समितिले बिहीवार पुनः दुईवटा अनुमतिविना सञ्चालित क्याम्पसमा सिलबन्दी गरेको छ ।


तस्वीरः प्रतीक

महानगरको नियमन समितिका संयोजक ईश्वरचन्द्र यादवले वीरगंज महानगरपालिका-९ स्थित सत्यम पब्लिक कलेज र वडा नं ८ मा रहेको पर्सा म्यानेजमेन्ट कलेजमा आज सिल गरिएको बताए ।

सो कलेजले एउटा विद्यालयको सञ्चालन इजाजत लिएर रानीघाटस्थित शुभतारा स्कूलको भवनमा कक्षा सञ्चालन गरिरहेको नियमन समितिका संयोजक यादवले बताए ।

नगरप्रमुखका जनसम्पर्क सल्लाहकार नवराज फुयाँलले वीरगंज महानगर-८ पानीटङ्कीमा रहेको एन्जल इन्टरनेशनल स्कूलले लिएको कक्षा ११ र १२ सञ्चालनको अनुमतिलाई दुरुपयोग गर्दै सत्यम कलेजको फर्जी नाममा विद्यार्थी भर्ना गरेर पठनपाठन गराइरहेको पाएपछि सिलबन्दी गरिएको बताए ।

यसैगरी, सोही वडामा सञ्चालित पर्सा म्यानेजमेन्ट कलेजमा पनि आज महानगरले सिल लगाएको छ । सो कलेजले वीरगंज महानगर-४ बिर्तामा रहेको न्यू वेभ एकेडमीले कक्षा ११ र १२ सञ्चालन अनुमति लिएको र सोही अनुमतिको आधारमा पर्सा म्यानेजमेन्ट कलेज सञ्चालन गरिएको पाइएपछि महानगरले कलेज सिल गरेको हो ।

महानगरपालिकाले अनुमतिविना सञ्चालित शैक्षिक संस्थाहरूमा सिल गरिरहेको समाचार प्रकाशमा आएपछि पर्सा म्यानेजमेन्ट कलेजले हिजो र अस्ति आफ्नो साइनबोर्ड सच्याएर न्यू वेभ एकेडेमी बनाएको शिक्षा महाशाखा अधिकृत नारायण चापागाईंले बताए । उनले न्यू वेभ एकेडेमीको सञ्चालन अनुमति फरक वडामा रहेको र यसरी ठाउँसारीविना अर्काको सञ्चालन अनुमतिमा शैक्षिक संस्था सञ्चालन गर्नु गैरकानूनी भएको बताए ।

उनले अर्काको इजाजतमा अर्कैले शैक्षिक संस्था सञ्चालन गरिरहेको महानगरमा एकपछि अर्को गरी भेटिनु शैक्षिक क्षेत्रका लागि डरलाग्दो कुरा भएको बताए । उनले शिक्षा क्षेत्र सुधारका लागि महानगर अहिले कडारूपमा प्रस्तुत भएको र गलत तरीकाबाट सञ्चालित शैक्षिक संस्थाहरूलाई कारबाही हुने बताए ।

कार्यक्रममा वडाध्यक्ष रितेश गुप्ता, शिक्षा सल्लाहकार अभिषोक तिवारीलगायतको सहभागिता थियो ।

**सयौं विद्यार्थीहरूको पठनपाठन प्रभावित**

आजसमेत महानगरले एक सातामा नौवटा शैक्षिक संस्थामा सिल गरेको छ। शैक्षिक संस्थाहरूमा सिल गरेपछि अहिले सो संस्थामा अध्ययनरत विद्यार्थीहरूको पठनपाठन प्रभावित भएको छ ।

महानगरले नयाँ शैक्षिकसत्र सञ्चालनपूर्व यस प्रकारको गतिविधि गर्नुपर्नेमा अहिले चार महीनापछि तातेको र यसबाट सिल गरिएका शैक्षिक संस्थाहरूमा अध्ययनरत विद्यार्थीहरूको हकमा अन्याय भएको अभिभावकहरूको गुनासो छ ।

यसबारेमा जनसम्पर्क सल्लाहकार फुयाँलले विनाइजाजत नियमविपरीत सञ्चालनमा रहेका शैक्षिक संस्थाहरूलाई कारबाही हुने तर विद्यार्थीहरूको हकमा भने विचार गर्न शुरू गरिएको बताए । उनले हाल विद्यार्थीहरूको पठनपाठन कसरी पूर्ववत्‌रूपमा सञ्चालन गर्न सकिन्छ भन्ने विषयमा गृहकार्य शुरू भएको र आगामी केही दिनमा सोबारेमा ठोस निर्णय महानगरले गर्ने बताए ।

महानगरले यसअघि युनिभर्सल सेकेन्डरी स्कूल, प्रिन्सटन मोडेल एकेडेमी, अन्नपूर्ण कलेज, युनिभर्सल एकेडेमी, वीरगंज स्कूल अफ ल, इम्पेरियल कलेज र बिजी बी किड्सममा सिल गरेको थियो। आजसमेत कुल नौवटा शैक्षिक संस्थामा सिल गरिएको र त्यहाँ अध्ययनरत सयौं विद्यार्थीको भविष्य अहिले अन्धकारमा परेको छ ।

## विचारसार र सूक्तिहरू

**जसको अपेक्षा थियो, त्यो पाइएन भने जे पाइएको छ, त्यसको कदर गरेर त हेर !**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com

Website: eprateekdaily.com


# नेपाली क्रिकेट र भविष्य

**नेपाली क्रिकेट टोलीले आशालाग्दो उपलब्धि देखाउन थालेसँगै नेपाली दर्शकको ध्यान क्रिकेटले तानेको छ । यस कुरालाई मध्यनजर गर्दै हाम्रा मुलुकका राजनीतिक दल तथा तिनका नेताहरूले समेत जानीनजानी क्रिकेटको पक्षमा बोलिदिन्छन् । बोलीको मात्रै कुरा गर्ने हो भने हाम्रा नेताहरूले क्रिकेट क्षेत्रलाई समस्यारहित बनाइसके । वास्तविकतामा कामको गति भने निकै पछाडि छ । ढिलै भएपनि मुलुकका महत्त्वपूर्ण स्थानहरूमा क्रिकेट मैदान बन्ने कार्यले निरन्तरता पाउन थालेका छन् । काठमाडौं, भैरहवा, कोहलपुर, महेन्द्रनगर, धनगढी, पोखरालगायतका शहरहरूमा निर्माणाधीन रङ्गशालाको कार्यप्रगति विगतको तुलनामा चित्तबुझ्दो देखिएका छन् । क्रिकेटको लागि रङ्गशाला अनिवार्य शर्त हो । यसको अलावा अन्तर्राष्ट्रियस्तरमा खेल जित्नका लागि देशको क्रिकेट बलियो हुनुपर्छ । देशको क्रिकेट बलियो बनाउन नेपालमा विभिन्न चरणका प्रतियोगिताहरू भइरहनुपर्छ । हामीकहाँ आन्तरिक प्रतियोगिता नै छैन भन्दा पनि फरक पर्दैन ।**

**सीमित मात्रको टी–२० क्रिकेट र कहिलेकाहीं आयोजना हुने राष्ट्रियस्तरको एकदिवसीय क्रिकेटले मात्र हाम्रो घरेलु संरचनालाई पूर्णता दिन्छ भने सकिंदैछ । जसरी देशको क्रिकेटको लागि घरेलु क्रिकेट महत्त्वपूर्ण जग हो, त्यसरी नै बलियो घरेलु क्रिकेटको लागि विद्यालयस्तरको क्रिकेट महत्त्वपूर्ण जग हो । तर सिनियर लेबलको घरेलु संरचना नै नभएको हाम्रो देशमा विद्यालय लेबलको क्रिकेटको अवधारणा कतिपयका लागि हास्यास्पद लाग्न सक्छ । विद्यालयस्तरमा क्रिकेटको विकास नभएसम्म बलियो घरेलु क्रिकेटको परिकल्पना गर्न सकिंदैन र बलियो घरेलु संरचनाविना नेपाली क्रिकेटको विकास असम्भव छ । एकदिवसीय मान्यतासँगै अब नेपालमा एकदिवसीय क्रिकेटमा मात्र ध्यान दिने हो भने दशकौंसम्म पनि नेपालको अवस्था त्यही रहन्छ । अहिले सीमित मात्रामा सञ्चालित केही घरेलु प्रतियोगिता हेर्दा ती प्रतियोगिताबाट नयाँ खेलाडी जन्मने सम्भावना कम छ । राष्ट्रियरूपमा परिचित भइसकेका अन्डर–१९ र सिनियर क्रिकेटरहरूले मात्र खेलिरहने प्रतियोगिताबाट तत्कालको लागि त नेपाली क्रिकेटमा केही सुधार देखिन्छ तर भविष्यको अवस्था बलियो रहँदैन ।**

**खेलकूद सबै उमेरमा सम्भव छैन । खेलाडीको उमेर पनि महत्त्वपूर्ण कुरा हो । उमेरको हिसाबले हेर्दा वर्तमानका खेलाडीहरूभन्दा पछि ग्याप देखिएको छ । भविष्यका नेपाली राष्ट्रिय क्रिकेटरहरू त अहिले विद्यालयमा छन्, जसले न कहीं आफ्नो क्षमता देखाउन पाएका छन्, न कोही कसैले उनीहरूको खेल हेरी आवश्यक प्रशिक्षण दिइरहेका छन् । भविष्यका नेपाली राष्ट्रिय क्रिकेटरहरू अहिले सिक्ने उमेरमा छन् तर उनीहरूले सिक्न पाएका छैनन् । केही क्रिकेट एकेडेमीहरूमार्फत पाएको ज्ञान मात्र पनि पर्याप्त छैन । क्रिकेट एउटा खेल हो र खेल सिक्न मैदानमा उत्रनुपर्छ । मैदानको दबाब, खेलको अवस्थाको दबाब, आफ्ना समर्थकहरूको चाहनाको दबाब र त्यसलाई सम्हाल्ने गर्ने ज्ञान मैदानमा नउत्रिएसम्म हासिल हुँदैन । विद्यालयस्तरमा क्रिकेट प्रतियोगिता सञ्चालन गर्ने, खेलकूद प्रशिक्षकको व्यवस्था गर्ने, खेल सामग्री र खेल मैदानको व्यवस्था गर्नुपर्छ । यसरी तयार भएका खेलाडीहरूका लागि विद्यालयस्तर, वडा, पालिकालगायत विभिन्न तहका प्रतियोगिता सञ्चालन गर्नु जरुरी छ ।**

# चिनियाँ राजदूतको अमर्यादित टिप्पणी

नेपालको आन्तरिक मामिलामा अनावश्यक हस्तक्षेप र टिप्पणी गर्ने चिनियाँहरूको स्वभावमा कमी आएको छैन । यसपटक नेपालका लागि चिनियाँ राजदूत छन सोङले नेपाल–भारत मामिलामा अनावश्यक र हस्तक्षेपकारी टिप्पणी गरेका छन् जसको चारैतिर आलोचना भइरहेको छ र कतिपय विज्ञहरूले त चिनियाँ राजदूतसित यसबारे स्पष्टीकरणसमेत माग गरेका छन् । चिनियाँ राजदूतले दक्षिणी छिमेकी भारतसँग रहेको आर्थिक सम्बन्ध नै विच्छेद गर्ने खालका कुरा गरेका छन् । जबकि नेपाल र भारतबीच परम्परागत बहुआयमिक सम्बन्धलाई विश्वमैं अद्वितीय, प्रगाढ एवं अभिन्न मानिन्छ ।

विसं २०७२ सालमा नेपालमा आएको भूकम्पको बहानामा विगत आठ वर्ष सम्म आफ्नो नाका बन्द गरी नेपालीहरूलाई भोकै मर्न पार्ने, नेपाली व्यापारीहरूको कारोबार ठप्प पार्ने, उत्तरी सिमाना क्षेत्रमा बेरोजगार बढाउने, खाद्यान्न समेतको अभाव सृजना गराउने, कैलाश मानसरोबरको बाटो रोकी मन्दिरमा पूजा समेत हुन नदिने चीनले नेपाललाई आफ्नो दास बनाउन चाहन्छ । नेपालले कथम्कदाचित चीनसित अझै मित्रता गाँसेको भए विगत आठ वर्षमा नेपालीहरू भोकै मर्ने थिए । कोभिड–१९ को बहानामा अनेकौं नेपाली विद्यार्थीहरूलाई चीनमा प्रवेशसमेत गर्न नदिएर चीनले सयकडौं नेपाली विद्यार्थीहरू (डाक्टर) को भविष्य चौपट पार्न खोजेको थियो । चीनले आठ वर्षसम्म आफ्नो सीमा नाका बन्द गरिराख्दा पनि नेपालीको जनजीवनमा अलिकति पनि फरक नपरेपछि बाध्य भएर चीन अब आफ्नो सीमा नाका खोल्न थालेको छ, साथै एकैचोटी नेपाल–भारत व्यापार सम्बन्ध नै समाप्त गर्न चाहन्छ । एक्काइसौं शताब्दीमा पूरै विश्वको निम्ति चिनियाँ विस्तारवादी तथा साम्राज्यवादी नीति ठूलो चुनौती बनेको छ । चिनियाँ राजदूतको नयाँ टिप्पणी पनि उसको साम्राज्यवादी नीतिकै प्रमाण हो । नेपालको आर्थिक नीति कस्तो हुनुपर्छ, परराष्ट्र नीति कस्तो हुनुपर्छ र कस्तो किसिमको राजनीतिक प्रणाली हुनुपर्छ; यसबारे चीनले टिप्पणी गर्नु घोर आपत्तिजनक, निन्दनीय र दुर्भाग्यपूर्ण हो । चिनियाँ राजदूतले केवल आफ्नो देशबारे केन्द्रित रहेर टिप्पणी गरेको भए यसलाई स्वाभाविक मान्न सकिन्थ्यो, तर होइन उनले त नेपाल एवं

स्वतन्त्र विचार



श्रीमन्नारायण

an_shriman@yahoo.com

**नेपाल र चीनबीचको सम्बन्धलाई बलियो बनाउन आएका चीनका राजदूतले आफ्नो कूटनीतिक मर्यादा नाघेर टिप्पणी गर्नु निन्दनीय छ । नेपालको लागि कस्तो अर्थतन्त्र उपयुक्त हुन्छ, यसबारे निर्णय गर्ने सार्वभौम अधिकार नेपाललाई छ ।**

भारतबीचको परम्परागत बहुआयामिक सम्बन्धमाथि नै कठोर प्रहार गरेका छन् । नेपाल–भारत आर्थिक एवं व्यापारिक सम्बन्धबारे नकारात्मक टिप्पणी गरेर तथा नेपालले भारतसित सम्बन्ध नै विच्छेद गर्नुपर्ने उनको टिप्पणीलाई आपत्तिजनक र दुर्भाग्यपूर्ण नै मान्नुपर्छ ।

'फाउन्डेशन अफ ट्रान्स हिमालयन रिसर्च एन्ड स्टडीज' संस्थाद्वारा आयोजित एउटा अन्तर्क्रिया कार्यक्रममा एउटा कार्यपत्रमाथि टिप्पणी गर्दै चिनियाँ राजदूतले नेपालले भारतलाई गत आर्थिक वर्षमा १० अर्बको विद्युत् निर्यात गरेको तर त्यस अवधिमा नेपालले भारतबाट १९ अर्बको विद्युत् ल्याएको टिप्पणी उनले गरेसाथै भारतसँग विद्युत् व्यापारबाट नेपालले घाटा बेहोरेको टिप्पणी गर्दै यस्तो अवस्थामा नेपाल कसरी आत्मनिर्भर बन्न सक्छ भन्ने प्रश्न गरेका हुन् । तर चिनियाँ राजदूतले यस यथार्थलाई बिर्सिदिए कि भारतले नेपालसँगको व्यापारमा नेपालको व्यापार घाटा कम गर्न नेपालबाट उत्पादित बिजुली खरीद गरिरहेको छ । नेपाल–भारत व्यापार सम्झौता, विद्युत् विकास सम्झौता र प्रसारण लाइनको निर्माणपश्चात् नेपालले भारतमा बिजुली निर्यात पनि गरिरहेको छ । यति मात्रै होइन, भारतले १० वर्षमा नेपालबाट १० हजार मेगावाट विद्युत् खरीद गर्ने सम्झौतामा हस्ताक्षर पनि भएको छ । चाँडै नै भारतसितको ऊर्जा व्यापारमा नेपालले नाफा पनि गर्नेछ तर चीनसितको दुईपक्षीय व्यापारमा नेपालबाट चीनतर्फ जाबो २ अर्बको सामान निर्यात भइरहेको छ । जबकि चीनबाट नेपालमा २ खर्बको आयात भइरहेको छ । यत्रो आकाशिंदो व्यापार घाटाबारे पनि चिनियाँ राजदूतले टिप्पणी गर्नुपर्दथ्यो ।

चिनियाँ राजदूतले छन सोङले नेपाल–भारतबीच दुईपक्षीय व्यापारलाई कमजोर बनाउन सकभर पूरा प्रयास गरे । आफ्नो सम्बोधनमा उनले नेपालले भारतभन्दा चीनको अर्थतन्त्रबाट आर्थिक समृद्धि हासिल गर्न सक्ने दाबी गरे । नेपाल ऊर्जा क्षेत्रमा सक्षम रहे पनि भारतबाट चर्को लागतमा विद्युत् आयात गरिरहेको उनको भनाइ छ । ऊर्जा मात्र नभई नेपालले कृषि क्षेत्रमा पनि भारतबाट अर्बौं रुपियाँको कृषि उपज आयात गरिरहेको उनले टिप्पणी गरेका छन् । आर्थिक वर्षको पहिलो महीनामा नै ७ अर्बको कृषि उत्पादन भारतबाट आयात भएको छ, यसै आधारमा हिसाब गर्ने हो भने १ वर्षमा झन्डै १ खर्ब पुग्ने दाबी उनले गरेका छन् । नेपाल र भारतको आर्थिक, ऊर्जा र कृषि क्षेत्रबारे चिनियाँ राजदूतबाट यस्तो टिप्पणी भएको यो पहिलोपटक हो ।

नेपाल र चीनबीचको सम्बन्धलाई बलियो बनाउन आएका चीनका राजदूतले आफ्नो कूटनीतिक मर्यादा नाघेर टिप्पणी गर्नु निन्दनीय छ । नेपालको लागि कस्तो अर्थतन्त्र उपयुक्त हुन्छ, यसबारे निर्णय गर्ने सार्वभौम अधिकार नेपाललाई छ । चिनियाँ राजदूत एउटा कर्मचारी मात्र हुन् । उनी नेपालका शासक र नीति निर्माता अथवा मागदर्शक होइनन् ।

चीनको भविष्य एकदम राम्रो रहेको उल्लेख गर्दै उनले नेपालजस्ता अति कम विकसित मुलुकको अर्थतन्त्र उकास्न चीनले सहयोग गर्दै आएको टिप्पणी गरेका छन् । नेपालको आर्थिक अवस्थाको पुनःसंरचना हुनुपर्छ । चिनियाँ अर्थतन्त्रको सरचनाबाट नेपालले केही सिक्नुपर्छ र यसलाई अनुकरण गर्नुपर्ने टिप्पणीसमेत उनले गरे । चिनियाँ राजदूतले नेपाल र चीनबीच व्यापार घाटा भएको यथार्थलाई पनि हाकाहाकी अस्वीकार गरे जबकि नेपालमा २ खर्बको निर्यात गर्ने चीनले नेपालबाट जाबो २ अर्बको मालसामान मात्र मगाएको छ । १ खर्ब अन्ठान्नबे अर्बको व्यापार घाटालाई घाटा नै नमान्ने चिनियाँ राजदूतको व्यापारिक र आर्थिक ज्ञान विचित्र छ । चीनले विगत आठ वर्षदेखि सीमा नाका बन्द गरी नेपालको आर्थिक कारोबार अथवा चीनसितको आयात निर्यात व्यापार प्रभावित पारेर सीमा क्षेत्रको जनजीवनमा पनि प्रतिकूल प्रभाव पारेको देखियो तर यसबारे चिनियाँ राजदूत केही बोलेनन् । नेपालमा चिनियाँ नेता अथवा मन्त्रीको भ्रमण हुँदा अथवा नेपाली नेताहरू चीन भ्रमणमा जाँदा उत्तरी नाका खोलिने विषय चर्चामा रहँदै आएको छ तर धरातलमा कुनै परिवर्तन आएको छैन । किस्ताबन्दीमा नाका खोलेर चीनले केवल आफ्नो व्यापारिक एवं आर्थिक लाभ मात्रै हेर्दै आएको छ । चिनियाँ राजदूतको टिप्पणीलाई कूटनीतिक मर्यादाविपरीत मानिंदै छ । नेपालका दर्जनौं पूर्व राजदूतहरूले पनि यस टिप्पणीको आलोचना गरेका छन् ।

पोखरा विमानस्थललाई बिआरआई अन्तर्गत बनेको दाबी गरेर उनले नयाँ विवाद सिर्जना गरेका छन् । चीनले पहिले पनि एमसिसी सम्झौता नगर्न तथा बिआआईलाई कार्यान्वयनमा ल्याउन नेपालमाथि दबाब बनाउन खोज्दै आएको छ । चीनले नेपालको परराष्ट्र सम्बन्धमा एकलौटी कब्जा गर्न खोजेको देखिन्छ । प्रधानमन्त्री पुष्पकमल दाहालको चीन भ्रमण हुनुपूर्व यस्तो टिप्पणी आउनु दुर्भाग्यपूर्ण हो । चिनियाँ राजदूतले भारतजस्तो विशाल बजार भएको छिमेकी देश हुनुलाई सौभाग्यको विषय पनि बताएका छन् तर भारत आफ्नो छिमेकीहरूको विकासमा सहयोगी नदेखिएकोले चीनसित मिलेर अगाडि बढ्न सुझाव दिएका छन् । यस्तो किसिमको टिप्पणी कुनै राजदूतबाट आउनु दुर्भाग्यपूर्ण हो ।

# "आत्महत्या समस्या समाधानको उपाय होइन"

जनकपुरधाम, २१ भदौ/रासस

मनोचिकित्सक तथा सरोकारवालाहरूले आत्महत्या समस्या समाधानको उपाय नभएकाले त्यस्ता घटना नियन्त्रणका लागि आमसञ्चार क्षेत्रले महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने बताएका छन् ।

जनकपुरधाममा बिहीवार आयोजित आत्महत्या नियन्त्रणाका लागि रिपोर्टिङसम्बन्धी कार्यशाला गोष्ठीमा उनीहरूले आत्महत्या समस्या समाधानको उपाय नभएकाले यससम्बन्धी सचेतना फैलाउन आम सञ्चारमाध्यम उपयोगी हुने बताए ।

वरिष्ठ मनोचिकित्सक (कन्सल्टेन्ट साइक्याट्रिस्ट) डा वासुदेव कार्कीले विभिन्न मानसिक, सामाजिक तथा वातावरणीय र जैविक कारणाले आत्महत्याका घटना बढ्दै गएकाले त्यसको नियन्त्रणाका लागि घरपरिवारदेखि सबै सरोकारवालाले सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने बताए ।

"विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्क अनुसार वार्षिक आठ लाखभन्दा बढी मानिसले अकालमैं ज्यान गुमाउने गरेका छन् । यो भनेको प्रति ४० सेकेन्डमा एकजनाको ज्यान जानु हो । नेपालमा पनि सरदर दैनिक १९ जनाले ज्यान गुमाउने गरेका डरलाग्दो तथ्याङ्क छ," डा कार्कीले भने, "आत्महत्याको प्रयास वा आत्महत्या गर्नेमध्ये झन्डै ९५ प्रतिशत व्यक्तिमा मानसिक स्वास्थ्यसम्बन्धी समस्या रहेको पनि अध्ययनको निष्कर्ष छ ।

यसर्थ घरदेखि समाजका हरेक आयाममा मानसिक स्वास्थ्यका लागि हामी सबैले योगदान गर्नुपर्दछ । अन्यथा यो समस्याबाट हामी सबै ग्रस्त हुन्छौं ।"

त्यसैगरी, डा पल्लवी कोइरालाले विश्व स्वास्थ्य सङ्गठनले आत्महत्या नियन्त्रण र निरुत्साहनका लागि आम सञ्चारमाध्यम प्रभावकारी हुने निष्कर्षसहित 'आत्महत्या रोकथामसम्बन्धी सञ्चारकर्मीका लागि मार्गदर्शन' जारी गरेकाले त्यसको पालना गर्न सबैलाई आग्रह गरिन् ।

"आत्महत्याका घटनाको उचित सम्प्रेषणले मात्रै आत्महत्याको जोखिममा रहेका व्यक्तिको ज्यान जोगाउन मदत पुग्न सक्छ भने गलत सम्प्रेषणले त्यस्ता व्यक्तिलाई दुरुत्साहन गरी त्यस्ता घटना बढाउन सक्छ । त्यस कारण आत्महत्या रोकथामका लागि संवेदनशील र जिम्मेवार भएर सूचना प्रवाह गर्न जरुरी छ," डा कोइरालाको आग्रह थियो ।

त्यसैगरी, आयोजक संस्था स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय अन्तर्गतको राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्रका निमित्त निर्देशक शिला श्रेष्ठले आत्महत्याका घटना नियन्त्रणका लागि सबै स्थानीय तहलाई सङ्घीय सरकारकाले सशर्त अनुदान दिने गरेकाले त्यसको सही सदुपयोग गर्न स्थानीय निकायलाई आग्रह गरिन् ।

आत्महत्याको रोकथामका निम्ति मानसिक तनावबाट गुज्रिरहेकाहरूका लागि २४सैं घण्टा चल्ने र पैसा नलाग्ने सरकारी हेल्पलाइन नम्बर ११६६ र शिक्षण अस्पताल, काठमाडौंको हेल्पलाइन नम्बर १६६००१२१६०० सञ्चालनमा रहेकाले त्यसमा सम्पर्क गर्न पनि श्रेष्ठले अनुरोध गरिन् ।

यसअघि कार्यक्रमको उद्घाटन कार्यक्रममा मधेस प्रदेशका स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री वीरेन्द्रप्रसाद सिंहले मधेस प्रदेशमा आत्महत्याका घटना दिनानुदिन बढ्दै गएकाले त्यसको रोकथामका लागि प्रदेश सरकारले बजेट तथा कार्यक्रम ल्याएकाले त्यसबाट अधिकतम लाभ लिन सबैलाई आग्रह गरे ।

उनले स्वास्थ्यकर्मी र सञ्चारकर्मीको भूमिका प्रभावकारी हुने भएकाले प्रदेश सरकारलाई आवश्यक सुझाव तथा सल्लाहका लागि ध्यानाकर्षण गराए । मन्त्रालयका निमित्त सचिव डा इन्द्रजीत रजक, पत्रकार महासङ्घ मधेस प्रदेशका अध्यक्ष राजेश कर्ण, केन्द्रीय सदस्य केसी लामिछानेलगायतले सामाजिक सञ्जालको दुरुपयोग, सामाजिकीकरणको अभाव, महत्त्वाकाङ्क्षी चाहना र असन्तुष्टिलगायतका कारणले मानसिक समस्या र त्यसले आत्महत्यालाई बढावा दिइरहेकाले सबैले त्यसलाई नियन्त्रणका लागि योगदान गर्नुपर्ने धारणा राखे ।

कार्यक्रममा मधेस प्रदेशका आठै जिल्लाबाट सञ्चारकर्मीहरूको सहभागिता थियो ।

## मनसुनी वर्षा कहिलेसम्म ?

काठमाडौं, २१ भदौ/रासस

आगामी तीन दिनसम्म देशका अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका मौसमविद् बिनु महर्जनका अनुसार मनसुनी वर्षा जारी रहेको र आगामी तीन दिन हल्कादेखि मध्यम वर्षा हुनेछ । हाल नेपालमा मनसुनको न्यून चापीय रेखा सरदर स्थानको दक्षिणतिर अवस्थित रहेकाले मौसममा बदली हुनुका साथै वर्षा भइरहेको उनले जानकारी दिए ।

आज काठमाडौं उपत्यकासहित देशका कतिपय स्थानमा वर्षा भएको छ ।

आज बाग्मती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका थोरै स्थानमा हल्कादेखि मध्यम वर्षा भएको मौसमविद् महर्जनले जानकारी दिइन् ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४८

# चीनको चिन्ता

विश्वको दोस्रो ठूलो अर्थतन्त्र चीन अहिले चिन्तामा छ । चिन्ताका अनेक कारण छन् । तर प्रमुख कारण भने पाएको हो । अर्थतन्त्रमा पूर्ण समाजवाद वा कम्युन प्रणाली स्थापना गर्नासाथ चीनको कम्युनिस्ट व्यवस्था समाप्त हुन्छ। २०२३) जनसङ्ख्या १ अर्ब ४२ करोड ५६ लाख छ भने भारतको जनसङ्ख्या १ अरब ४२ करोड, ८६ लाख छ। चीनमा


अर्थविशेष



विश्वराज अधिकारी

akoutilya@gmail.com


**अब आउने वर्षहरूमा चीनले चमत्कारी किसिमले आर्थिक विकास भने गर्ने छैन । चीन जुन गतिमा विकास पथमा दौडिने छ, सोही गतिमा चीनलाई विकास–बाधा हरूले पछ्याउने छन् । यो स्थिति निस्सन्देह देख्न सकिने छ ।**

आर्थिक हो। कमिलालाई आफ्नै टाउको भारी, हात्तिलाई आफ्नै टाउको भारी भन्ने उखान चीनको सन्दर्भमा लागू हुँदैन। चीनको ठूलो टाउको उसलाई साँच्चीकै अहिले भारी भएको छ। चीनमा अहिले पनि गरीबी छ, भारतजस्तै । चीनको ४० प्रतिशत जनसङ्ख्या अहिले पनि ग्रामीण क्षेत्रमा बसोवास गर्दछ ।

अमेरिकापछि, चीन विश्वको दोस्रो ठूलो महाशक्ति भए तापनि चीनको (२०२३ अनुमानित) प्रतिव्यक्ति आय १३,७२१ डलर छ। जबकि अमेरिकाको (२०२३ अनुमानित) प्रतिव्यक्ति आय ८०,३५,००० डलर रहेको छ । चीनको कुनै खास वर्ग ह्वात्तै धनी भएको हो। र त्यो कारणले गर्दा चीन धनी देखिएको हो । चीनमा बहुसङ्ख्यक व्यक्ति अहिले पनि गरीब छ, भारतजस्तै । भारतको जस्तो चीनमा स्लम (झोपडपट्टी) हरू न भए तापनि चीनको १३ प्रतिशत जनसङ्ख्या अहिले पनि गरीबीको रेखामुनि छ। गरीबीको रेखामुनि रहेका व्यक्तिहरूको प्रतिदिनको आय ५.५ डलर मात्र छ ।

चीनमा आर्थिक सङ्कट लम्बिएमा, जनतामा असन्तोष मच्चिएमा, चीनको राजनीतिक व्यवस्था नरारी हल्लिने स्थिति हुन सक्छ। हुनत आजभन्दा तीन चार दशक पहिले नै चीनको राजनीतिक व्यवस्था हल्लिसकेको थियो । देङ सिआओपेङका आर्थिक सुधारका कार्यक्रमहरू न आएको भए, चीनको अर्थ व्यवस्थामाथि चिनियाँ कम्युनिस्ट पार्टीको नियन्त्रणलाई चिनियाँ कम्युनिस्ट नेताहरूले खुकुलो नपारेको भए चीनको कम्युनिस्ट राजनीतिक व्यवस्था सोभियत रूसजस्तो धराशायी भइसकेको हुन्थ्यो। सम्पत्तिमाथि निजी स्वामित्व, धन आर्जन र लगानी गर्न छुट, अहस्तक्षेपकारी आर्थिक नीतिजस्ता आर्थिक सुविधाहरू चिनियाँहरूले उपयोग गर्न पाएको हुनाले चीनको कम्युनिस्ट व्यवस्थाले निरन्तरता चीनको जनताले उदारवादी अर्थतन्त्रको स्वाद चाखिसकेको छ, राजनीतिक स्वतन्त्रताको स्वाद नचाखे तापनि ।

चीन अहिले छटपटिएको छ। उसको यो छटपटीले कहिले उसलाई ब्रिक्स काँधमा बोक्न र परम्परागत शत्रु भारतको नजिक पुग्न निर्देशित गर्दछ भने कहिले अफ्रिकी देशहरूमा आफ्नो बजार विस्तारित गर्न आदेश दिन्छ । चीनले अहिले दक्षिण अमेरिकी देशहरूमा पनि व्यापार विस्तारका सम्भावनाहरूको खोजी गरिरहेको छ। चीन अहिले चिन्तित छ । खासगरी कोभिड–१९ ले चीनको अर्थतन्त्रलाई नराम्ररी प्रभाव पाऱ्यो । दौडिरहेको चीनलाई सुस्तरी हिंड्ने स्थितिमा पुऱ्यायो ।

**चीन किन छटपटिएको छ ? किन चिन्तित छ ? के होला चिन्ताको कारण ?**

चीनको आर्थिक वृद्धिदर अहिले ह्वात्तै घटेको छ । युवाहरू ठूलो सङ्ख्यामा अहिले बेरोजगारी देखिएका छन्। विदेशी लागानी ओह्रालो लागेको छ । निर्यात कम भएको छ। बजारमा चिनियाँ मुद्रा कमजोर भएको छ । रियलस्टेट क्षेत्र सोचनीय हुन पुगेको छ। घर र जग्गाको मूल्य घटेर चिनियाँहरू अत्तालिएका छन्। भोलि के होला भन्ने भयबाट चिन्तित भएर लगानीभन्दा बचतमा जोड दिइरहेका छन् ।

आर्थिक विकासको दौडमा चीन अग्र पङ्क्तिमा थियो। सन् १९८९ देखि चीनको आर्थिक विकास प्रतिवर्ष ९ प्रतिशतको हाराहारीमा थियो । अहिले भने स्थिति फेरिएको छ। चीनको आर्थिक विकास, सन् २०२३ मा ५ प्रतिशतको हाराहारीमा रहने अनुमान गरिएको छ। यो स्थितिले चीनको आर्थिक विकास तलतिर जान थालेको सङ्केत गर्दछ ।

अहिले भारत जनसङ्ख्याको हिसाबले विश्वको सर्वाधिक ठूलो राष्ट्र भएको छ। जनसङ्ख्या वृद्धिमा भारतले चीनलाई पनि जितेको छ । चीनको वर्तमान (सन् जनसङ्ख्या वृद्धिदर कम भएकोमा चिनियाँहरूको लागि खुशीको कुरा पनि हुन पुगेको छ, दुःखको कुरा पनि हुन पुगेको छ। चिनियाँ जनसङ्ख्यामा प्रौढ उमेरका व्यक्तिहरूको सङ्ख्या बढी हुन पुगेको छ भने युवाहरूको सङ्ख्या तुलनात्मकरूपमा कम भएको छ। जनसङ्ख्या वितरणको यो संस्थितिले वर्तमानमा नै चीनमा जनशक्तिको अभाव देखिएको छ भने भोलिका दिनमा चीनमा युवा जनशक्तिको स्थिति कस्तो होला ? यो कारणले पनि चीन चिन्तित हुनुपर्ने स्थिति उत्पन्न भएको छ । जापानमा पनि अहिले सक्रिय जनसक्तिको अभाव छ । स्थिति गम्भीर छ । उमेर पुगेका व्यक्तिहरूको सङ्ख्या धेरै भएर, १०० वर्षभन्दा बढी बाँचने नागरिकको सङ्ख्यामा उल्लेखनीय वृद्धि भएर, जापानमा अहिले युवा जनशक्तिको अति नै खाँचो देखिएको छ ।

गएका वर्षहरूमा जनसङ्ख्यामा युवाहरूको सङ्ख्या ठूलो भएको कारणले गर्दा चीनले कम लागतमा विभिन्न वस्तु उत्पादन गर्ने क्षमता प्राप्त गरेको थियो। अर्थात् चीनमा श्रम लागत कम थियो । तर अब त्यो स्थिति बिस्तारै प्रतिकूल हुँदै गएको छ। चीनमा एकातिर उमेर पुगेका व्यक्तिहरू सङ्ख्या वृद्धि भएको छ भने अर्कोतिर जनसङ्ख्या वृद्धि दरमा कमी आएको छ । सामाजिक संरचनामा यी दुई कुराहरूले सकारात्मक प्रभाव पार्ने भए तापनि आर्थिक विकासका लागि भने यी दुवै कुरा चीनको लागि सुखद होइन ।

**अब चीनले के गर्ला ?**

मौजुदा आर्थिक स्थितिबाट चिन्तित भएको चीन अब अनेक आर्थिक रणनीतिको साथमा आक्रामक किसिमले अन्तर्राष्ट्रिय बजारमा सक्रिय हुनेछ। चीनलाई यस्तो गर्न सजिलो पनि छ। चीनमा प्रजातन्त्र नभएको र राजनीतिक व्यवस्था पनि केन्द्रीय नियन्त्रणमा रहेकोले चीन सरकारले ल्याउन अनेक आर्थिक सुधार कार्यक्रम विनारोकटोक कार्यान्वयन हुनेछ । चीनले अब बजार पनि विस्तार गर्नेछ । तर यी सबै कुरा हुँदाहुँदै पनि चीनको चिन्ता भने यति छिटै समाप्त हुने देखिंदैन। विकासशील राष्ट्रहरू जसले चीनबाट ठूलो परिमाणमा आयात गर्छन् उनीहरूले आयात कम गर्ने सम्भावना छ। उनीहरू आफैं आर्थिक रूपमा सक्षम हुन थालेकाले उनीहरूले निर्यात बढाउनेतिर जोड दिनेछन्। उत्पादन लागतमा हुने वृद्धिले पनि चीनलाई सताउने सम्भावना उत्तिकै प्रबल छ ।

**चीनको आर्थिक स्थिति कमजोर हुँदा विश्व अर्थ व्यवस्थामा कस्तो प्रभाव पर्ला ?**

चीनको अर्थ व्यवस्था कमजोर भएमा त्यसले विश्व अर्थ व्यवस्थामा पक्कै पनि प्रतिकूल असर पार्नेछ। चीनले सस्तोमा सामानहरू उत्पादन गर्दछ । सस्तोमा सामान उत्पादन गर्न सकेको हुनाले नै विकासशील राष्ट्रका उपभोक्ताहरू अनेक किसिमका सामान उपयोग गर्न पाएका छन् । उदाहरणका लागि नेपालमा उपलब्ध चाइनिज सामानहरू नेपालीहरूको क्रयशक्तिले खरीद गर्नु सक्नुको कारण नै चाइनिज सामानहरू सस्तो हुनुले गर्दा हो। अर्को किसिमले भन्ने हो भने चाइनिज सामान तुलनात्मक रूपमा सस्तो भएको हुनाले नै नेपालीहरूले सजिलै चाइनिज सामान वा घर घरायसीका अत्यावश्यक सामान खरीद गर्न सकेका हुन् । त्यसकारण चीनको आर्थिक स्थिति खस्किनु विकासशील राष्ट्रहरूको हितमा छैन। नेपालको हितमा त छैन नै, उल्टो चीनको आर्थिक स्थिति खस्केमा नेपालमा महँगी बढ्ने खतरा छ। चीनको आर्थिक स्थिति खस्किनु विकसित वा धनी राष्ट्रहरू अमेरिका, क्यानाडा, अस्ट्रेलिया, ब्रिटेन आदिको हितमा पनि छैन । चीनमा उत्पादन लागत सस्तो भएकोले विकसित राष्ट्रहरूले पनि सस्तोमा चीनबाट अनेक उपभोक्ता सामग्री खरीद गर्न पाएका छन् ।

चीनले अहिले 'पावर हाउस' को भूमिका निर्वाह गरिहेको छ । पावर हाउसको कुनै यन्त्र खराब हुनु विश्व अर्थ व्यवस्थाको लागि राम्रो होइन ।

तर एउटा कुरा के सत्य हो भने अब आउने वर्षहरूमा चीनले चमत्कारी किसिमले आर्थिक विकास भने गर्ने छैन। चीन जुन गतिमा विकास पथमा दौडिने छ, सोही गतिमा चीनलाई विकास–बाधा हरूले पछ्याउने छन्। यो स्थिति निस्सन्देह देख्न सकिने छ ।

# उखुखेती बढाउन किसानलाई अवलोकन भ्रमण

सर्लाही, २१ भदौ/रासस

उखुमा अनुदानको अभाव एवं उद्योगले दिनुपर्ने भुक्तानी समयमैं नदिंदा निराश बनेका जिल्लाका किसानहरूलाई हरिवन नगरपालिका–११ मा रहेको उखु लगाएको र सो स्थलको अवलोकन गराइएको थियो । उखु उत्पादक किसानको उत्पादन राम्रो भए चिनी उद्योग र किसान दुवैले राम्रो प्रतिफल पाउने भएकाले आधुनिक प्रविधि प्रयोग




इन्दुशङ्कर चिनी उद्योगले उन्नत जातको उखु उत्पादन भएको क्षेत्रको अवलोकन भ्रमण गराएको छ ।

अनेकौं समस्या बेहोरेर पनि उखु उत्पादन गरिरहेका जिल्लाका किसानले पछिल्लो समयमा उद्योगले दिनुपर्ने भुक्तानी र सरकारबाट प्राप्त हुनुपर्ने अनुदान नै नपाएपछि उखु खेतीको विकल्प खोज्न थालिएको अवस्थामा उन्नत जातको उखु उत्पादन भएको क्षेत्रको अवलोकन भ्रमण र उन्नत जातको उखुको बीउ वितरण गरेपछि मनोबल बढेको सहभागी किसान माधव थापाले बताए ।

पछिल्लो समय जिल्लामा उखु खेती घट्दा चिनी उद्योग नै सङ्कटमा पर्न थालेपछि चिनी उद्योगले जिल्लाका उखु उत्पादक किसानलाई उन्नत जातको उखु खेतीको अवलोकन भ्रमण गराएको हो। उद्योगले आफ्नो फार्ममा लगाएको उखु खेतीको अवलोकन गराउनुका साथै अन्तर्क्रियासमेत गराएको कृषक धनमाया विकले बताइन् ।

उन्नत जातको उखुको बीउ लगाउन जिल्लाका उखु उत्पादक किसानलाई प्रोत्साहन गर्दै आधुनिक प्रविधि प्रयोग गर्न जानकारी गराइएको उद्योगको प्रशासन शाखाका अधिकारी डाकुरप्रसाद नेपालले जानकारी दिए ।

उनका अनुसार उद्योगले अहिले २८ बिघा क्षेत्रफलमा विभिन्न तीन जातका गरी उखु खेती गर्नुको विकल्प नरहेको उद्योगका प्रबन्धक योगनारायण रजकले बताए । उनले भारतबाट ल्याइएको विभिन्न जातका उखु १५ कठ्ठा जमीनमा लगाइएको र उखुको बीउ यो वर्ष विस्तार गरेर २८ बिघामा लगाइएको जानकारी दिए ।

नयाँ जातको उखु रोप्दा उत्पादन बढेर जाने र किसानको आम्दानी वृद्धि हुने उद्योगले जनाएको छ। इन्दुशङ्करले २८ बिघामा तयार पारेको उखुको बीउ करीब १,५०० बिघामा रोप्न पुग्ने उनले जानकारी दिए ।

उन्नत जातको उखु लगाउन प्रोत्साहन गर्न, उखु उत्पादक किसानको मनोबल बढाउन, उत्कृष्ट उखु उत्पादक किसानहरूलाई भ्रमणसहित उखु उत्पादक गर्ने तरीका सिकाउने, उपलब्ध बीउ वितरण गर्ने, परम्परागत उखु उत्पादक प्रणालीमा परिवर्तन गरी आधुनिक प्रविधियुक्त तरीकाबाट उखु उत्पादनतर्फ आकर्षित गर्ने भन्दै इन्दुशङ्करले उखु उत्पादक किसानहरूलाई स्थलगत अवलोकन गराएको हो ।

सो क्रममा सात सय बढी किसानलाई उन्नत जातको उखु लगाउने तरीका र विभिन्न जातका उखु लगाउँदा हुने उत्पादनलगायत विषयमा जानकारी गराउनाका साथै अँगाल्नुपर्ने सावधानीका विषयमा प्रशिक्षण दिइएको उद्योगले जनाएको छ ।

# आन्तरिक पर्यटनको गन्तव्यस्थल "ऐनापहरा"

दमौली, २१ भदौ/रासस

हरियाली जङ्गल, कलकल बगेको पानी । ठूलो खोंचबाट झरेको पानी । तनहुँको आँबुखैरेनी गाउँपालिका–२ स्थित ऐनापहरा केही समयअगाडिसम्म व्यवस्थित थिएन । तर अहिले उक्त ठाउँको रूप फेरिंदैछ ।

स्थानीय तहको दोस्रो निर्वाचनपछि निर्वाचित जनप्रतिनिधिले यस ठाउँलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्ने प्रयास गरेका छन्। गण्डकी प्रदेशको प्रवेशद्वारमा रहेको मनमोहक ऐनापहरा झरनालाई पर्यटकको विश्रामस्थल बनाउने उद्देश्य राखिएको छ ।

गाउँपालिकाको लगानीमा ऐनापहराका ढुङ्गामा गणेश, आमा र बच्चाको आकृति खोप्ने काम गरिएको छ । ढुङ्गामा आकृति देखिन थालेपछि यस ठाउँले सबैको ध्यान खिचेको छ। ऐनापहरालाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्न गाउँपालिकाले यहाँका ढुङ्गामा गणेश, आमा र बच्चाको आकृति खोप्ने काम शुरू गरेको थियो ।

ढुङ्गामा आकृति देखिन थालेपछि अहिले यस ठाउँमा आन्तरिक पर्यटकको चहलपहल बढेको छ। पृथ्वी राजमार्गबाट नजीकै रहेको यहाँ मुग्लिनतर्फबाट पोखरा आउने पर्यटक सवारीसाधन रोकेर पुग्ने गरेका छन् । गाउँपालिकाले ढुङ्गामा खोपेको आकृतिले धेरैको ध्यान खिचेको स्थानीय मनोजकुमार श्रेष्ठले बताए । स्थानीय विजय गुरुङले राजमार्गनजीकै भएकाले यस ठाउँ पर्यटकीय गन्तव्यको रूपमा विकास हुने बताए ।

सामाजिक सञ्जालबाट पनि यस ठाउँको प्रचारप्रसार हुन थालेपछि ऐनापहरा पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास हुन थालेको गाउँपालिकाका अध्यक्ष शुक्र चुमान बताउँछन् । उनले भने, "गत माघदेखि यहाँका ढुङ्गामा आकृति बनाउने काम भइरहेको छ । आकृति लगभग अन्तिम चरणमा पुगेको




छ । यसले आकर्षक देखिन थालेपछि आन्तरिक पर्यटकको चहलपहल बढ्यो।"

ऐनापहरालाई पर्यटकीय गन्तव्यस्थल

(बाँकी चौथो पातामा)



**अष्टिम्की पूजा गरेको फूल खोलामा बगाउँदै** : दाङको सेवारखोलामा बिहीवार अष्टिम्की पूजा गरेको फूल बगाउँदै घोराही उपमहानगरपालिका–१४ स्थित झिङौरा गाउँका स्थानीय थारु समुदायका महिला । तस्वीर: रासस

# समृद्धिको बाधक अनौपचारिक अर्थतन्त्र

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**अनौपचारिक अर्थतन्त्रलाई औपचारिक बनाउन सरकारले केही प्रयास नगरेको भने होइन। अनौपचारिक अर्थतन्त्रलाई निरुत्साहित गर्न सरकारले १० लाख रुपियाँभन्दा माथिको कारोबार नगदमा गर्न नपाइने व्यवस्था कार्यान्वयनमा ल्याएको छ।**

अनौपचारिक अर्थतन्त्र भन्नाले राज्यका ऐन, कानून तथा आदेशको अवज्ञा गरी अदृश्यरूपमा आर्थिक गतिविधि सञ्चालन गर्नुलाई बुझिन्छ। सामान्य अर्थमा कुनै सरकारी निकायमा दर्ता नभएका तथा कुल गार्हस्थ्य उत्पादनको गणनामा नपरेका असङ्गठित क्रियाकलापहरूबाट गरिएका सबै प्रकारका आय तथा आम्दानीसँग सम्बन्धित आर्थिक गतिविधिलाई अनौपचारिक अर्थतन्त्रका रूपमा लिने गरिन्छ। अनौपचारिक क्षेत्र हावी हुँदा मुलुकको आय र व्ययमा ठूलो खाडल आउँछ र यसले मुलुकको अर्थतन्त्रमा गम्भीर सङ्कट पार्छ। अनौपचारिक अर्थतन्त्रको हिस्सा बढ्दा स्वस्थ र प्रतिस्पर्धात्मक बजारमा नकारात्मक असर पर्छ भने उत्पादकत्व र आर्थिक वृद्धिमा समेत गम्भीर असर पार्छ। अनौपचारिक क्षेत्र अन्तर्गतको 'ग्रे-इकोनोमी' फस्टाउँदा औपचारिक वा राज्यको नीति, नियमभित्र बसेर सञ्चालनमा आएका कम्पनी, व्यवसाय तथा मापदण्डमा रहेका उद्योग एवं व्यवसायमा प्रतिकूल प्रभाव परिरहेको हुन्छ।

भ्रष्टाचारबाट आर्जन गरेको सम्पत्ति, अवैध हातहतियार ओसारपसारको रकम, लागू औषध खरीदबिक्रीको रकम, कर छली गरेको रकम, मानव बेचबिखन तथा अवैधरूपमा गैरआर्थिक धन्दा सञ्चालन गरेर राज्यलाई ठगेको रकम अनौपचारिक अर्थतन्त्रभित्र पर्छ। सङ्गठित अपराधमा संलग्न भएकाबाट औपचारिक अर्थतन्त्रलाई खतरा पुऱ्याउन सक्ने सम्भावना पनि बढ्दै गइरहेको हुँदा यसलाई नियन्त्रण गर्नुपर्ने आवश्यकता बढ्दै गएको देखिन्छ। त्यस्तै साना व्यवसायी, स्वास्थ्य, शिक्षा र खानेपानी सेवा, सिलाइबुनाइ, वित्तीय सेवा, होटेल, रेस्टुरा, होमस्टे तथा यातायातजस्ता सेवालाई औपचारिक अर्थतन्त्रमा समावेश गर्न नसकेपछि औपचारिक अर्थतन्त्रले गति लिन सकेको छैन। बिचौलिया, मध्यस्थकर्ता, दलाल, ससाना ठेकेदार, क्लिनिकमा पार्ट टाइम काम गर्ने डाक्टर, अधिवक्ताजस्ता पेशा व्यवसाय अँगालेर राम्रो आयआर्जन गर्ने वर्गलाई करको दायरामा ल्याउन नसक्दा पनि अनौपचारिक अर्थतन्त्रको आकार दिन प्रतिदिन बढ्दै गएको देखिन्छ। अर्कोतर्फ, घरजग्गाको व्यापारमा पनि दलाल अर्थतन्त्र झाँगिएको छ। यसमा जग्गाको कम मूल्याङ्कन गरी भारी मात्रामा राजस्व छली गर्ने र जग्गाको बढी मूल्याङ्कन गरी कालो धनलाई सेतो बनाउने दुवै प्रकारबाट दलाल अर्थतन्त्र झाँगिएको छ।

यसैगरी ठूलो सङ्ख्यामा रहेका उद्योग प्रतिष्ठानहरू कुनै पनि सरकारी निकायमा दर्ता नहुँदा करको दायरामा आउन सकेका छैनन्। फलस्वरूप यसबाट सरकारले कर गुमाउनुका साथै त्यसको कारोबार पनि राज्यको नियन्त्रणमा हुँदैन। यस प्रकारका गतिविधिले मुलुकको वैध आर्थिक क्रियाकलापलाई नै कमजोर बनाउने गरेको छ। अहिले नेपालमा मात्र होइन, विश्वमा नै अनौपचारिक आर्थिक गतिविधि बढ्दै गएको देखिन्छ। यसले राज्यलाई नै असफल बनाउने सम्भावना बढ्दै गएको हुन्छ। अनौपचारिक अर्थतन्त्र समानान्तररूपले राज्यको वैध अर्थतन्त्रसँग जाने हो भने कुनै पनि मुलुकको सार्वभौममाथि नै सङ्कट ल्याउने गर्छ। त्यसैले होला विश्वका प्रायः सबै मुलुकले यस किसिमका गतिविधिमाथि नियन्त्रण गर्दै आइरहेका छन्। विकसित मुलुकमा मात्रै होइन, ती मुलुकको तुलनामा अल्पविकसित मुलुकमा अनौपचारिक अर्थतन्त्र बढ्दै गएको देखिन्छ। नेपालमा त अनौपचारिक अर्थतन्त्रको आकार बढ्दै गएको अवस्था छ। राष्ट्रिय लेखा अनुसार अहिले नेपालको अर्थतन्त्रमा अनौपचारिक अर्थतन्त्रको हिस्सा ५० प्रतिशतभन्दा बढी छ। नेपालको ५१ खर्ब ८३ अर्ब हाराहारीमा रहेको अर्थतन्त्रको संरचनामा करीब २५/२६ खर्ब रुपियाँ अनौपचारिक अर्थतन्त्रले ओगटेको अनुमान छ। यसरी नै अनौपचारिक अर्थतन्त्र बढ्दै जाने हो भने निकट भविष्यमा नेपाली अर्थतन्त्रमा भयावह अवस्था नआउला भन्न सकिँदैन।

अनौपचारिक अर्थतन्त्र बढ्दै जानु भनेको मुलुकको अर्थतन्त्र कमजोर हुनु हो। अहिले ललिता निवास जग्गा प्रकरण, नक्कली भूटानी शरणार्थी प्रकरण, १०० किलो सुन तस्करी प्रकरणजस्ता काण्डले नेपाली अर्थतन्त्र जोखिममा परेको छ। यस्ता काण्डले राज्यको ठूलो रकम अपचलन भएको देखिन्छ। महालेखा परीक्षकको ५९औं प्रतिवेदनमा ९ खर्बभन्दा बढीको अनियमित आर्थिक कारोबार भएको देखिन्छ। त्यसैगरी स्थानीय तहमा बढ्दै गएको भ्रष्टाचारजन्य आर्थिक गतिविधि सर्वत्र चासोको विषय बनेको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा परेका उजूरी र अदालतमा परेका मुद्दाको अध्ययन गर्ने हो भने पनि नेपालको अर्थतन्त्रमा अनौपचारिक अर्थतन्त्र हावी भएको पुष्टि हुन्छ। नेपालमा गैरकानूनीरूपमा कमाएको रकम हुन्डी तथा अन्य माध्यमबाट विदेश पठाउने र विदेशबाट पनि बैंक तथा वित्तीय संस्थामा प्रवेश नगराई सोही तरीकाबाट नेपाल भित्र्याउने गरेको पाइन्छ। यसरी आउने रकम वैध बाटोबाट नआउँदा अर्थतन्त्र सङ्कटमा परेको छ। वैदेशिक रोजगारमा गएकाहरूले पठाएको रेमिट्यान्सको सबै रकम वैधानिक बाटोबाट आउने गरेको छैन। वैधानिक बाटोबाट आउने व्यवस्था भएमा राष्ट्रिय अर्थतन्त्र सुदृढ हुँदै जाने निश्चित छ।

त्यस्तै गाउँघर तथा शहरबजारमा समेत अवैधानिक, दर्ता नगरीकन पनि आर्थिक क्रियाकलाप भइरहेका छन्। यसले धेरैथोरै उनीहरूले आम्दानी त गरेकै हुन्छन्, तर पनि राष्ट्रिय लेखा प्रणालीमा त्यस्ता आम्दानीको लेखाजोखा भएको पाइँदैन। यसैगरी शहरबजारका अधिकांश घरधनीलाई घरबहाल करमा ल्याउन सकिएको छैन। यसरी राज्यको अर्थतन्त्रमा समावेश गरिनुपर्ने ठूलो रकम राष्ट्रिय अर्थतन्त्रमा आउन नसक्दा राज्यको आय र व्ययमा ठूलो खाडल भएर मुलुकको अर्थतन्त्रमा नै जोखिम बढ्दै गएको हो। सरकारको ढुकुटीमा पैसा नहुने, अनौपचारिक क्षेत्रमा भने रकम प्रवाह हुन सक्ने ठूलो सम्भावना हुन्छ। यस्तो अवस्था आउन नदिन राज्यले समयमा नै आवश्यक कदम चाल्नुपर्छ। चालू आर्थिक वर्षको कुल १७ खर्ब ५१ अर्ब बजेटमध्ये राजस्व र वैदेशिक अनुदानबाट गरी १२ खर्ब ९८ अर्ब अनुमान गरिएको छ। बाँकी नपुग हुन आउने ४ खर्ब ५२ अर्ब भने वैदेशिक तथा आन्तरिक ऋणबाट पूर्ति हुने भनिएको छ। यो भनेको राज्यको ढुकुटीमा पैसा नभएर ऋण उठाउनेगरी व्यवस्था गरिएको हो।

भारतसँग करीब १८ सय किलोमिटर सीमा खुला भएकोले चोरीनिकासी व्यापार बढ्दै गएको छ। फलस्वरूप सरकारी ढुकुटीमा आउने राजस्व अनौपचारिक क्षेत्रमा प्रवाह भएको देखिन्छ। अर्को कुरा, बाहिरबाट आयात गरिने वस्तुमा न्यून बीजकीकरण गर्ने परम्पराको अन्त्य हुन सकेको छैन। उदाहरणका लागि कुनै वस्तुको मूल्य २ हजार रुपियाँ छ भने भन्सार छल्न व्यापारीले १ हजार मात्र मूल्य देखाएको हुन्छ। अर्थात् न्यून बीजकीकरण गरेको पाइन्छ। यसो गर्दा सरकारलाई १ हजार रुपियाँको मात्र भन्सार प्राप्त हुन्छ। यसरी सानोतिनो आर्थिक कारोबारदेखि ठूला-ठूला आर्थिक क्रियाकलापलाई राष्ट्रिय अर्थतन्त्रमा ल्याउन नसक्दा नेपाली अर्थतन्त्र जोखिमबाट उम्कन सकिरहेको देखिँदैन। अतः विभिन्न किसिमबाट अनौपचारिक अर्थतन्त्र हावी हुनुका कारण अध्ययन गरी राष्ट्रिय अर्थतन्त्रको मूलधारमा ल्याउनु नै आजको आवश्यकता हो। यसैगरी नेपालको अनौपचारिक आर्थिक क्षेत्रको ठूलो हिस्सा कृषिले ओगटेको छ। निर्माण, व्यापारिक क्षेत्र पनि दिनानुदिन विस्तारित हुँदै गइरहेको छ। सडक व्यापार मौलाउँदै छ। स्वास्थ्य तथा सामाजिक सेवा, वित्तीय क्षेत्र मात्र होइन, होटेल रेस्टुरा, शिक्षाजस्ता आर्थिक क्रियाकलापका क्षेत्रको ठूलो हिस्सा औपचारिक अर्थतन्त्रको दायरा बाहिरै रहेको छ। मुलुकको महत्त्वपूर्ण क्षेत्र यातायात र सञ्चारको सानो हिस्सा मात्र औपचारिक बन्ने प्रक्रियामा छ। जल तथा विद्युत्मा आश्रित भएर जीविकोपार्जन गर्ने श्रमशक्ति र आर्थिक कारोबारको सही आकलन हुन सकेको छैन। सिलाइ, बुनाइ, सरसफाइ, घरेलु काम, घरेलु व्यवसायसँग सम्बन्धित आर्थिक कारोबारबारे राज्य अनभिज्ञ छ। गलैंचा, गार्मेन्टजस्ता उत्पादनका क्षेत्र र त्यसमा काम गर्ने श्रमशक्तिसमेत अझै अनौपचारिक अवस्थामा छँदैछ। यसरी हेर्दा हाम्रो मुलुक आर्थिक कारोबारको सानो अंश मात्र समेटेर सञ्चालित भइरहेको छ।

अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) का अनुसार नेपालमा क्रियाशील श्रमशक्ति एक करोड ८० लाख छ। त्यसमध्ये कृषिमा ७५ प्रतिशत, सेवा क्षेत्रमा सात प्रतिशत र उद्योगमा १८ प्रतिशत रहेको छ भनिएको छ। युएन एसिसी टास्क फोर्सले आइएलओका लागि तयार पारेको रिपोर्ट अनुसार नेपालमा ९२ प्रतिशत श्रमिक अनौपचारिक क्षेत्रमा कार्यरत छन्। नेपालमा पनि विश्व बैंक, अन्तर्राष्ट्रिय श्रम सङ्गठन, युएनडिपीजस्ता अन्तर्राष्ट्रिय संस्थाहरूले गरेको अध्ययनले झन्डै ४० प्रतिशतभन्दा बढी अनौपचारिक अर्थतन्त्र रहेको देखाएको छ। केन्द्रीय तथ्याङ्क विभागले पहिलोपटक गरेको 'आर्थिक गणना २०७५' ले अनौपचारिक अर्थतन्त्रको आकार ४९.९ प्रतिशत रहेको तथ्याङ्क सार्वजनिक गरेको थियो। नेपाली अर्थतन्त्रको अवस्था वा यस्तो अध्ययनका लागि तथ्याङ्क विभागले सार्वजनिक गरेका तथ्याङ्कहरूलाई नै औपचारिक मान्ने गरिन्छ। यस हिसाबले हाम्रो अर्थतन्त्रको आधा हिस्सा अनौपचारिक रहेको पुष्टि हुन्छ। उक्त आर्थिक गणना अनुसार मुलुकभर सञ्चालित नौ लाख २३ हजार ३५६ व्यावसायिक प्रतिष्ठानहरूमध्ये चार लाख ६० हजार ४ सय २२ प्रतिष्ठान कुनै पनि सरकारी निकायमा दर्ता भएका छैनन्। यस्तै नेपालमा सञ्चालित ५२ प्रतिशतभन्दा बढी प्रतिष्ठानहरूले आफ्नो कारोबारको हिसाबकिताब राख्दैनन्। यसको अर्थ मुलुकको कुल वित्तीय कारोबारको आधा राष्ट्रिय लेखा प्रणालीमा अभिलिखित छैन। यसैगरी केन्द्रीय तथ्याङ्क विभागले २०७६ सालमा प्रकाशित गरेको नेपालको श्रमशक्ति सर्वेक्षण २०७४/०७५ (तेस्रो) अनुसार १५.४ प्रतिशत औपचारिक रोजगारको क्षेत्रमा आबद्ध छन् भने ८४.६ प्रतिशत अनौपचारिक रोजगार क्षेत्रमा छन्। यसले पनि अनौपचारिक अर्थतन्त्र फस्टाउँदै गएको देखिन्छ। यसबाट राज्यले बर्सेनि अर्बौं राजस्व नोक्सानी बेहोरिरहेको छ भने आर्थिक अपराधसमेत वृद्धि भइरहेको छ।

अनौपचारिक अर्थतन्त्रलाई औपचारिक बनाउन सरकारले केही प्रयास नगरेको भने होइन। अनौपचारिक अर्थतन्त्रलाई निरुत्साहित गर्न सरकारले १० लाख रुपियाँभन्दा माथिको कारोबार नगदमा गर्न नपाइने व्यवस्था कार्यान्वयनमा ल्याएको छ। यसैगरी, बैंक कारोबारमा खातावालको केवाइसी (ग्राहक पहिचान) नियमित अद्यावधिक, एक लाखभन्दा माथिको कारोबारमा अनिवार्य परिचयपत्रलगायत व्यवस्था गरिएको छ। राजस्व अनुसन्धान विभागले पनि राजस्व चुहावट नियन्त्रण गर्ने अभिप्रायले मालवस्तु तथा ढुवानी साधनको अनुगमन प्रणाली (भिसिटिएस) आरम्भ गरेको छ। यसरी अनौपचारिक अर्थतन्त्रलाई ट्र्याकमा ल्याउन विद्युतीय भुक्तानी कारोबारको लागत घटाउँदै नगदरहित कारोबारलाई प्रोत्साहन गर्दै आएको पनि छ। त्यसैले असङ्गठितरूपमा स्थापित प्रतिष्ठानहरूलाई निश्चित समयसम्म दर्ता प्रक्रिया, कर, दस्तुर, इजाजतपत्र नवीकरणलगायतमा छुट जस्ता कार्यक्रमहरूमार्फत औपचारिक अर्थतन्त्रको दायरामा ल्याउन प्रोत्साहन गर्नेतर्फ राज्य गम्भीर हुनुपर्छ भने ठूलो सङ्ख्यामा अनौपचारिक क्षेत्रमा कार्यरत जनशक्तिलाई पनि सामाजिक सुरक्षाको दायरामा ल्याउनुपर्ने देखिन्छ। अन्त्यमा मुलुकको समृद्धिका लागि बाधकको रूपमा देखिएको अनौपचारिक अर्थतन्त्र न्यूनीकरण गर्दै औपचारिक अर्थतन्त्रको आधार वृद्धि गर्नेतर्फ राज्यको नीति तथा कार्यक्रम केन्द्रित हुनुपर्दछ।

## आन्तरिक पर्यटन ...

बनाउने उद्देश्यसहित गाउँपालिकाले यहाँ रहेका ढुङ्गामा आकृतिक खोप्ने कामलाई अगाडि बढाइएको हो।

पृथ्वी राजमार्ग नजीकै रहेको ऐनापहरामा रहेको झरनामा घुम्न आउने पर्यटक बढेसँगै गाउँपालिका यसको प्रवर्द्धनमा जुटेको हो।

यत्तिकै रहेका ढुङ्गालाई कलात्मक बनाएर पर्यटकलाई थप आकर्षित बनाउन यो कामलाई अगाडि बढाइएको अध्यक्ष चुमानको भनाइ छ। ऐनापहरामा पार्क निर्माणका लागि गत आर्थिक वर्षमा रु एक करोड ४० लाख बजेट विनियोजन गरिएको छ।

पृथ्वी राजमार्गबाट एकछिनमैं पुगिने ऐनापहरा झरना आकर्षक पर्यटकीयस्थलको रूपमा विकास हुँदै गएको छ। राजमार्ग भएर यात्रा गर्ने सर्वसाधारणको विश्रामस्थलको रूपमा पनि ऐनापहरा झरना विकास भइरहेको छ।

काठमाडौं, चितवनबाट पोखरातर्फ आउने र पोखरातर्फ यात्रा गर्ने सर्वसाधारण सवारीसाधन रोकेरै ऐनापहरा झरनामा रमाउने गरेका छन्।

सर्वसाधारणको सुविधाका लागि शौचालय गत वर्ष नै निर्माण भइसकेको छ। गर्मी मौसमका बेला झरनामा नुहाउन, थकान मेटाउन, भिडिओ, टिकटक बनाउन सर्वसाधारणको भीड लाग्छ।

तनहुँकै अग्लो महाभारत पर्वत शृङ्खला छिम्केश्वरीको फेदीमा अवस्थित सिउढी खोलाको पानी बगेर झरनामा मिसिएको छ।

ऐनापहरा झरनालाई व्यवस्थित बनाउन गाउँपालिकाले विस्तृत गुरुयोजना प्रतिवेदन तयार गरेको छ। यस ठाउँलाई व्यवस्थित गर्न डिपिआर अनुसार रु १० करोड बजेट आवश्यक पर्छ। डिपिआर अनुसार यस ठाउँमा बुद्धको मूर्ति, रेलिङ, पार्किङलगायतका संरचना निर्माण गर्ने गुरुयोजनामा उल्लेख छ।

# विदेश छाडेर नेपालमैं च्याउखेती

मलेखु (धादिङ), २१ भदौ/रासस

वैदेशिक रोजगारमा पाँच वर्ष बिताएका विनोद पौडेलले च्याउखेतीमा रु एक करोड लगानी गरेका छन्। युएईमा मेनेजरको काम छाडेर नेपाल फर्किएका पौडेलले धादिङको थाक्रे



तस्वीरः रासस

गाउँपालिका-१० केवलपुरमा च्याउखेती शुरू गरेका हुन्।

युएईको कन्सल्टेन्ट कम्पनीमा मासिक झन्डै रु एक लाख कमाइ भइरहे पनि अब नेपालमैं केही गर्नुपर्छ भन्ने सोचका साथ च्याउखेती शुरू गरेको उनले बताए। "अर्काको देशमा अरूले दिएको रोजगारले जति नै कमाइ भएपनि नेपालमैं कृषि खेती गर्नुपर्छ भन्ने पारिवारिक सल्लाह अनुसार च्याउखेती शुरू गरिएको हो," पौडेल भन्छन्, "चार वर्षअघि शुरू गरेको च्याउले राम्रै आम्दानी दिइरहेको छ।"

विसं २०७६ मा काठमाडौंको नागार्जुन नगरपालिका-५ आमकोटबाट साझेदारीमा च्याउखेती गर्न शुरू गरेका पौडेलले धादिङको केवलपुरमा ३० रोपनी जग्गामा च्याउखेती गरिरहेका छन्। अहिले ४५ च्याउ घर छन्। दुई रोपनीमा ग्रीन हाउस छ।

पौडेल भन्छन्, "१० रोपनी आफ्नै जग्गा हो, २० रोपनी जग्गा वार्षिक रु ७५ हजार भाडामा लिएको छु, च्याउमा मात्रै पूरा एक करोड लगानी भएको छ।"

अहिले दैनिक पाँच सय किलो च्याउ कालीमाटी फलफूल तथा तरकारी बजारमा पुग्छ, सरदर महीनामा २० दिन मात्र च्याउ बिक्री गर्दा १० हजार किलो च्याउ बिक्री हुँदै आएको छ, एक वर्षमा एक लाख २० हजार किलो च्याउ बिक्री गर्दै आएको उनको भनाइ छ।

सदर प्रतिकिलो रु १२० मा बिक्री गर्दा वार्षिक रु एक करोड ४४ लाखको कारोबार हुने उनको अनुभव छ। जलेश्वर कृषि च्याउ तथा पशुपक्षी फार्म प्रालिमार्फत च्याउ बजारसम्म लैजान उनले रु २५ लाखमा गाडी किनेका छन्। तीनजना पूर्णकालीन र छजना आंशिक गरी नौजनालाई उनले रोजगार दिएका छन्।

पौडेल भन्छन्, "हिजो म अर्काको देशमा अरूकै काम गरेर आएको हुँ, आज आफ्नै नेपाली दाजुभाइलाई गाउँठाउँमा काम दिन सक्ने भएको छु।" उनले दुईवटा ग्रीन हाउस बनाउन रु छ लाख अनुदान सरकारबाट लिएका छन्। काम गर्ने मजदूर खर्च, ब्याज, कच्चा पदार्थ खर्च, औषधोपचार र व्यवस्थापन खर्च कट्टा गरेर मासिक रु एक लाख २० हजार बराबर कमाइ हुने उनको भनाइ छ।

"कमाएको हिसाबले विदेशमा मासिक रु ७५ हजार आउँथ्यो। विनालगानीको कमाई ठीकै लाग्थ्यो, अहिले कम्पनीमा

(बाँकी पाँचौं पातामा)



## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

## चिनियाँ उपप्रधानमन्त्री नेतृत्वको टोली प्योङयाङ जाँदै

बेइजिङ, २१ साउन/सिन्ह्वा

चीनका उपप्रधानमन्त्री लिउ गुओझोङ प्रजातान्त्रिक जन गणतन्त्र



तस्वीरः सिन्ह्वा

कोरियाको ७५ औं स्थापना दिवसका अवसरमा आयोजना हुने विशेष कार्यक्रममा सहभागी हुन प्योङयाङ भ्रमणमा जाने भएका छन्।

चिनियाँ कम्युनिस्ट पार्टी (सिपिसी) केन्द्रीय समितिको राजनीतिक ब्युरोका सदस्यसमेत रहेका उपप्रधानमन्त्री लिउ कोरियाको श्रमिक पार्टी र उत्तर कोरिया सरकारको निमन्त्रणमा सिपिसी र सरकारी प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्योङयाङको भ्रमणमा जाने परराष्ट्र मन्त्रालयका प्रवक्ता माओ निङले बिहीवार घोषणा गरेका हुन्।

उत्तर कोरियाली अधिकारीहरूले पनि चिनियाँ उपप्रधानमन्त्री नेतृत्वको उच्चस्तरीय प्रतिनिधिमण्डल यसै साता प्योङयाङ भ्रमण गर्ने बताएका छन्। उत्तर कोरियाले पर्सि शनिवार प्योङयाङमा ७५ औं स्थापना दिवस विशेष समारोह आयोजना गर्दैछ। त्यस अवसरमा आणविक शक्तिराष्ट्रले विशाल सैन्य कवाजसमेत आयोजना गर्ने सम्भावना रहेको फ्रान्सेली समाचार समिति एएफपीले जनाएको छ। चिनियाँ प्रतिनिधिमण्डल शुक्रवार बेइजिङबाट प्योङयाङ प्रस्थान गर्नेछ।

बेइजिङ उत्तर कोरियाको सबैभन्दा महत्त्वपूर्ण सहयोगी एवं आर्थिक साझेदार हो। सन् १९५० को दशकदेखि नै दुवै देशबीच मैत्री सघन भएको हो। उत्तर कोरियाले कोभिड–१९ महामारीका बेला आफ्नो अन्तर्राष्ट्रिय सिमाना बन्द गरेपछि बाह्य विश्वसँग सम्बन्ध र भ्रमण आदानप्रदान शून्यप्रायः भएको थियो।

दुई महीना अघि रूसका रक्षामन्त्री नेतृत्वको प्रतिनिधिमण्डल राजधानी प्योङयाङमा भएको सैन्य कवाजमा भाग लिन गएको थियो भने तीन वर्षपछि पहिलोपटक उत्तर कोरियाली अन्तर्राष्ट्रिय व्यावसायिक उडान गत महीना बेइजिङमा अवतरण भएको थियो। उत्तर कोरियाली खेलाडीको एउटा टोली पनि हालै कजाकिस्तान प्रस्थान गरेको थियो।

विरलै विदेश भ्रमण गर्ने उत्तर कोरियाली नेता किम जङ उन रूसका राष्ट्रपति भ्लादिमिर पुटिनसँग हतियार वार्ता गर्न यसै महीना रूस भ्रमण गर्ने योजनामा रहेको अन्तर्राष्ट्रिय समाचार माध्यमले जनाएका छन्। अमेरिकी राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले बुधवार वाशिङ्टनमा भएको नियमित ब्रिफिङमा दुवै नेताबीच हतियार आपूर्तिबारे वार्ता हुने सूचना आफूसँग रहेको दाबी गर्दै युक्रेन युद्धमा प्योङयाङले हतियार उपलब्ध गराएमा त्यसको मूल्य उसले चुकाउनुपर्ने चेतावनी पनि उनले दिएका थिए। रासस

## १३६ दिनमा चार हजार किलोमिटर


तस्वीरः फाइल

नयाँ दिल्ली, २१ भदौ/एएनआई

काङ्ग्रेस नेता राहुल गाँधीले प्रारम्भ गरेको 'भारत जोडो' अभियानको एक वर्ष पूरा भएको छ। अभियानका क्रममा उनले कन्याकुमारीदेखि कश्मीरसम्म चार हजार किलोमिटर यात्रा गरेको बताएका छन्।

सामाजिक सञ्जाल एक्समा नेता गाँधीले 'देशमा एकता र स्नेह प्रवर्द्धनका साथै समुज्ज्वल भविष्यका निम्ति करोडौं पाइला' शीर्षकमा राखेको तीन मिनेटको भिडियोमा भारत एकताबद्ध नभएसम्म र देशबाट घृणा लोप नभएसम्म भारत जोडो यात्रा जारी रहने बताएका छन्। उनले भारत जोडो यात्रालाई निरन्तरता दिने 'वाचा' पनि गरेका छन्।

सामाजिक सञ्जालमा राखिएको भिडियोमा नेता गाँधीका १३६ दिने यात्राका क्रममा अभिलेख गरिएका पदयात्रा, स्थानीय तहका पार्टीका कार्यकर्ता र सामाजिक सङ्घ–सङ्गठनका नेता तथा अभियन्तासँगका भेटवार्ता, आमसभाका दृश्य समावेश गरिएका छन्। अभियानको वार्षिकीका अवसरमा काङ्ग्रेस नेताहरूले देशभर आज विविध कार्यक्रम आयोजना गरेका छन् तर ती कुनै पनि कार्यक्रममा नेता गाँधी उपस्थित हुनेछैनन्।

उनी साताव्यापी युरोप भ्रमणमा छन्। युरोपमा रहँदा उनले त्यहाँ रहेका भारतीय नागरिकसँग छलफल गर्ने कार्यक्रम छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – विजय | वृष – धनक्षति |
| मिथुन – भाग्योदय | कर्कट – बेचैनी |
| सिंह – मनोरञ्जन | कन्या – सफलता |
| तुला – राज्यभय | वृश्चिक – वादविवाद |
| धनु – यात्रालाभ | मकर – शत्रुभय |
| कुम्भ – कार्यनाश | मीन – उदरपीडा |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


## ठोरीमा अभिभावक अभिमुखीकरण कार्यक्रम

चिरञ्जीवी सापकोटा, ठोरी, २१ भदौ/


तस्वीरः प्रतीक

ठोरी गाउँपालिका–२ स्थित ठोरी एकेडेमीले बिहीवार अभिभावक अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ।

ठोरी एकेडेमीका सञ्चालक सुरेश पन्तको अध्यक्षतामा आयोजित अभिमुखीकरण कार्यक्रममा अभिभावकहरूलाई शिक्षण विधिको परामर्श कार्यक्रम, अभिभावकको भूमिका, गृहकार्यको महत्त्व, अध्ययनका अन्य पक्षहरूका महत्त्वलगायतका विषयमा तपस कन्सल्टिङ एन्ड ट्रेडिङ इन्स्टिच्युटबाट आएका तीनजना प्रशिक्षकले अभिभावकहरूलाई प्रशिक्षण दिएका ठोरी एकेडेमीका सञ्चालक पन्तले बताए। संस्थाले ठोरी एकेडेमीका शिक्षकहरूलाई प्रत्यक्ष र अनलाइनमार्फत शिक्षण विधिबारे प्रशिक्षण दिंदै आएको पन्तले बताए। ठोरी एकेडेमीले 'इन्क्वारी बेस' कार्यक्रमसमेत सञ्चालन गर्ने गरेको उनले बताए। २०६५ सालमा स्थापना भएको ठोरी एकेडेमीमा तीन सयभन्दा बढी विद्यार्थी अध्ययनरत छन्।

## क्यानले ल्यायो रु साढे ३६ अर्बको बजेट

काठमाडौं, २१ भदौ/रासस

नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान)ले चालू आर्थिक वर्ष २०८०/८१ का लागि साढे ३६ अर्ब रुपैयाँको बजेट विनियोजन गरेको छ।

प्राधिकरण सञ्चालक समितिको बैठकले चालू आवका लागि रु ३६ अर्ब ६६ करोड ६४ लाख बजेट स्वीकृत गरेको हो। प्राधिकरणका प्रवक्ता जगन्नाथ निरौलाका अनुसार प्राधिकरणले उड्डयन तथा हवाई सुरक्षा सुदृढीकरण, पूर्वाधार विकास, विमानस्थल सञ्चालनलगायत प्राथमिकताका क्षेत्र निर्धारण गरी चालू आर्थिक वर्षको बजेट विनियोजन गरिएको छ। अन्तर्राष्ट्रिय सङ्घसंस्थाबीच सहकार्य, यात्रु सेवा सुविधा अभिवृद्धि, आय वृद्धि तथा आर्थिक अनुशासन, मानव संसाधन विकासलगायतलाई बजेटले प्राथमिकता दिएको प्रवक्ता निरौलाले उल्लेख गरे।

प्राधिकरणले चालू आवमा रु १५ अर्ब ८८ करोड २५ लाख आम्दानी गर्ने लक्ष्य लिएको छ। यस्तै, ऋण/शेयर लगानीका रूपमा रु छ अर्ब ६४ करोड




प्राप्त हुने अनुमान गरिएको छ।

प्राधिकरणले पूँजीगत खर्चका लागि रु १९ अर्ब तीन करोड ८८ लाख विनियोजन गरेको छ भने कर्मचारी खर्चमा रु दुई अर्ब ११ करोड ७१ लाख छुट्याएको छ। प्राधिकरणले कार्य सञ्चालन खर्च रु चार अर्ब ३४ करोड र कर्मचारीको बोनसमा रु पाँच अर्ब ८९ विनियोजन गरेको छ।

### विदेश छाडेर नेपाल ...

भएको लगानी रु एक करोडमध्ये ५० लाख ऋणमा छ, घरपरिवारसँगै बसेर कृषिमा राज्यलाई योगदान गर्न पाएको छु, यसमैं खुशी छु," उनले भने।

जाडो मौसममा तीन किलो र गर्मी मौसममा दुई किलो परालको पोका बनाएर बीउ उमार्ने गरिन्छ। च्याउ उत्पादनका लागि पराल तयार पार्नेदेखि ग्रीन हाउसमा लगेर पोका झुन्डयाउने काम गरेबापत प्रतिपोका रु ३२ मजदूरले ज्याला पाउँछन्। यसरी काम गर्दा एक मजदूरले सरदर रु एक हजार दैनिक पाउँछन्।


नेपाल नागरिक उड्डयन प्राधिकरण
सिमरा नागरिक उड्डयन कार्यालय
सिमरा, बारा

**विमानस्थल क्षेत्रभित्र रहेका जग्गाहरू कृषि प्रयोजनको लागि ठेक्कामा दिने बारेको बोलपत्र आह्वानको सूचना**

प्रकाशित मिति २०८०।०५।२२

यस कार्यालयको क्षेत्रभित्र रहेको कार्यालयले नामकरण गरेको प्लट नं २ को १२–११–१९ (बिघा–कट्ठा–धुर VOR/DME रहेको क्षेत्रमा) र प्लट नं ३ (डुमरवाना जाने बाटोको उत्तरपट्टि) को १०–१८ (बिघा–कट्ठा)को खाली जग्गा कृषि प्रयोजनको लागि २०८० कात्तिक १ गतेदेखि ३ (तीन) वर्षको लागि तपसिल बमोजिमका शर्तहरूको अधीनमा रही ठेक्कामा दिनुपर्ने भएको हुँदा इच्छुक सङ्घसंस्था, नेपाली नागरिकहरूबाट रीतपूर्वक बोलपत्र आह्वान गरिएको छ।

**तपसिलः–**

१) इच्छुक सङ्घसंस्था, नेपाली नागरिक वा निजको आधिकारिक प्रतिनिधिले बोलपत्र फाराम रु ३३९०।– (तीन हजार तीन सय नब्बे मात्र) मूअकरसहित फिर्ता नहुनेगरी राष्ट्रिय वाणिज्य बैंकस्थित नेपाल नागरिक उड्डयन प्राधिकरणको खाता नं १०९०१०००६४९१७००१ मा जम्मा गरेको बैंक भौचर, सङ्घसंस्था दर्ता प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र सक्कलै प्रति साथमा ल्याइ सोको प्रतिलिपिसहित निवेदन दिएमा यस कार्यालयबाट मिति २०८०।५।२२ देखि २०८०।६।११ गतेसम्म कार्यालय समयभित्र प्राप्त गर्न सकिन्छ।

२. बोलपत्र फाराम मिति २०८०।६।१२ गते १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गराउनुपर्नेछ। पर्न आएका बोलपत्रहरू सोही दिन दिउँसो ०२:०० बजे यस कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि तथा ठेकेदार प्रतिनिधिको रोहबरमा खोलिनेछ। तर ठेकेदार प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खेल्न बाधा पर्नेछैन। सो दिन बिदा परेमा भोलिपल्ट बोलपत्र फाराम बुझाइने र खोलिनेछ।

३. बोलपत्र फारामको साथ उक्त प्लटको नक्शा संलग्न हुनेछ। उक्त प्लट नं २ को न्यूनतम वार्षिक कबोल रकम ४,००,०००/– (चार लाख मात्र) र प्लट नं ३ को जग्गाको न्यूनतम वार्षिक कबुल अङ्क रु २,१९,०९०।– (दुई लाख उन्नाइस हजार नब्बे मात्र) हुनेछ।

४. बोलपत्र जमानतबापत बोलपत्रदाताले वार्षिक कबुल गर्ने अङ्कको तीन वर्षको लागि पाँच प्रतिशतले हुने रकम यस कार्यालयको एभरेस्ट बैंक लि., सिमरास्थित धरौटी खाता हिसाब नं ००७००१०५०००१५२ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा सो बमोजिमको नियमानुसारको बैंक जमानत बोलपत्र साथ पेश गर्नुपर्नेछ। यसरी बोलपत्रसाथ पेश गरेको जमानतको अवधि न्यूनतम १८० दिनको हुनुपर्नेछ। धरौटी रकम दुवै प्लटको लागि छुट्टाछुट्टै वा एकमुस्टरूपमा बुझाउन सकिनेछ।

५. आफूले कबोल गर्ने प्लटको दररेट वार्षिकरूपमा कबोल रकम खुल्नेगरी स्पष्टरूपमा उल्लेख गर्नुपर्नेछ। एउटा मात्र प्लटको लागि पनि रकम कबोल गरी बोलपत्र पेश गर्न सकिनेछ। बोलपत्र कबुल अङ्कमा यति प्रतिशत घटी वा बढी वा अन्य केही कुराको शर्त राखेको वा कैफियत जनाएको बोलपत्र मान्य हुनेछैन। रीत नपुगेको, म्याद नाघी आएको बोलपत्र उपर कुनै कारबाही गरिनेछैन।

६. बोलपत्र स्वीकृत भएपछि बोलपत्रदाताबाट स्वीकृत कुल ठेक्का अङ्कको २५ प्रतिशत रकमको नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतप्राप्त बैंकको कम्तीमा कबुलियत अवधिभन्दा छ महीना बढी म्याद भएको बैंक जमानत वा कार्यालय धरौटी खाता नं ००७००१०५०००१५२ मा नगदै जम्मा गरेको बैंक भौचर पेश गरी सम्झौता गर्नुपर्नेछ।

७. ठेकेदारले उक्त जग्गामा उखु, मकै जस्ता अग्लाअग्ला बोटबिरुवा हुने बाली तथा गाँजा जस्ता कानूनद्वारा निषेधित तथा जङ्गली जनावर तथा चराचुरुङ्गी आकर्षित गर्ने खालका बाली लगाउन पाइनेछैन।

८. आफूले सकार गरेको जग्गाको फेन्सिङहरूको रेखदेख तथा मरम्मत सम्भार ठेकेदारले आफ्नै खर्चबाट गर्नुपर्नेछ। साथै उक्त क्षेत्रभित्र रहेका उपकरणहरूको रेखदेखसमेत ठेकेदारले गर्नुपर्नेछ।

९. अन्य विस्तृत जानकारीको लागि एवं प्लट हेर्न चाहनेले कार्यालय समयभित्र सम्पर्क राख्नुपर्नेछ।

१०. कबुल गर्ने ठेकेदारले हवाई उपकरण, जमीनमुनि रहेका तारहरू आदि बचाइ हवाई उडान अवतरणमा बाधा नपर्नेगरी फेन्सिङ गरिएका जग्गाहरू अनधिकृतरूपमा गाईवस्तु, व्यक्तिहरूको प्रवेश नियन्त्रण गरी विमानस्थल सुरक्षा व्यवस्थामा असर पर्ने खालका कुनै गतिविधि गर्न पाइनेछैन।

११. नेपाल नागरिक उड्डयन प्राधिकरणको हितलाई ध्यानमा राखी कुनै कारण जनाइ वा नजनाइ बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा प्राधिकरणलाई आवश्यक परेमा ठेक्कामा दिइएको जग्गाको बन्दोबस्त रद्द गर्ने अधिकारसमेत यस कार्यालयमा निहित रहनेछ।

१२. यससम्बन्धी विस्तृत सूचना कार्यालयको Website: simara.caanepal.gov.np र नेपाल नागरिक उड्डयन प्राधिकरणको Website: caanepal.gov.np मा हेर्न सकिनेछ।

१३. यो सूचनामा नपरेका अन्य कुराहरू प्रचलित ऐन नियमानुसार हुनेछन्।

# ब्रह्माकुमारीद्वारा जन्माष्टमीमा विभिन्न कार्यक्रम

प्रस, वीरगंज, २१ भदौ/

सनातन धर्मावलम्बीहरूको महान् पर्व श्रीकृष्ण जन्माष्टमी ब्रह्माकुमारी राजयोग सेवा केन्द्र, वीरगंजले कार्यक्रम आयोजना गरी मनाएको छ।



तस्वीर: प्रतीक

केन्द्रले आयोजना गरेको स्वर्णिम सत्ययुगी दुनियाँको मनमोहक चैतन्य झाँकी, सांस्कृतिक नृत्य प्रस्तुतिसहितको आध्यात्मिक प्रवचन समारोहको मधेस प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबू राउत गद्दीले उद्घाटन गरेका थिए। सो अवसरमा उनले केन्द्रमा प्रवेश गर्दा छुट्टै किसिमको आनन्द प्राप्त हुने र यहाँबाट ज्ञानगुणका कुरा श्रवण गर्दा शरीरमा सकारात्मक ऊर्जा पैदा हुनुका साथै आत्माशान्ति हुने बताए।

क्षेत्रीय प्रमुख राजयोगिनी ब्रह्माकुमारी रविना दिदीले श्रीकृष्ण भगवान्ले पनि आफ्नो पूर्वजन्ममा परमात्माको ज्ञानको धारणा र राजयोग ध्यान साधनाको अभ्यास गरेर महान् महिमा योग्यस्वरूप प्राप्त गरेको बताइन्। अहिले उनै भगवान्को पूजा आराधना र उपासना मात्र नभई गुण, चरित्र र विशेषतालाई पनि व्यवहारमा उतार्नु नै जन्माष्टमी पर्व मनाउनुको सार्थकता हुने बताइन्। कार्यक्रममा वीरगंज महानगरका पूर्वप्रमुख विजयकुमार सरावगी, भारतीय महावाणिज्यदूत नितेश कुमार, वीउवासङ्घका अध्यक्ष अनिल अग्रवाल, रूँगटा वेलफेयर सोसाइटीका अध्यक्ष सुरेश रूँगटा, नेरेसो, पर्साका उपाध्यक्ष मधु राणा, सामुदायिक सेवा केन्द्र, छपकैयाका अध्यक्ष ग्याँसुद्दीन ठकुराई, डा अजय यादव, योग प्रशिक्षक धीरेन्द्र सिंहलगायतको सहभागिता थियो।

कार्यक्रममा कलाकारहरूले स्वर्णिम युगमा श्रीकृष्णको सुन्दर जीवनीको आभास दिलाउने मनमोहक नृत्यहरू प्रस्तुत गरेका थिए।

# महिलाको शवको सनाखत भएन

प्रस, वीरगंज, २१ भदौ/

जीराभवानी गाउँपालिकाको इमरतिया खोलामा एक साताअघि टाउकोरहित मृत भेटिएकी महिलाको अहिलेसम्म पहिचान खुल्न सकेको छैन।

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले मृत फेला परेकी महिलाको सनाखत हुन नसकेको र शव अहिलेसम्म नारायणी अस्पतालमा राखिएको बताएको छ। भदौ १३ गते गत मङ्गलवार दिउँसो टाउकोरहित अवस्थामा महिलाको शव भेटिएको थियो भने त्यसको भोलिपल्ट टाउको पनि फेला परेको थियो।

महिलाको हत्या गरी टाउको छिनाएर फ्याँकिएको अनुमान गरिएको छ। स्थानीयले आर्केस्ट्रामा काम गर्ने भारतीय महिला हुन सक्ने अनुमान गरेका छन्। प्रहरी उपरीक्षक कोमल शाहले शवको पहिचानका लागि प्रयास जारी रहेको बताए। उनले सो घटनाका बारेमा भारत, बिहार पूर्वी तथा पश्चिमी चम्पारणका एसपीहरूलाई जानकारी गराएको तर अहिलेसम्म सनाखत भने हुन नसकेको बताए।

# अवतरण दिवसमा दाइजोमुक्त विवाह र रक्तदान

प्रस, वीरगंज, २१ भदौ/

धनुषाको मिथिला नगरपालिका-२, बेलाचापीस्थित सतलोक आश्रम धनुषामा पूर्णब्रह्म कबीर उपासक समाज, नेपालको आयोजनामा सन्त रामपालजी महाराजको ७३औं अवतरण दिवसमा बिहीवार दाइजोरहित विवाह, रक्तदान र भण्डारा कार्यक्रम गरिएको छ।



तस्वीर: प्रतीक

प्रत्येक वर्ष सेप्टेम्बर ६-८ तारिखमा मनाइँदै आएको यो दिवस हिजो भदौ २० देखि भदौ २२ गतेसम्म मनाइन्छ।

दिवसको अवसरमा आयोजित तीन दिवसीय अखण्ड पाठ तथा भण्डारा कार्यक्रमको दोस्रो दिन आज दाइजो तथा आडम्बरमुक्त विवाह अन्तर्गत नौजना जोडीको विवाह र ७५ जना अनुयायीहरूले रक्तदान गरेका थिए।

विवाहमा बेहुला र बेहुली पक्षको एक रुपैयाँ पनि खर्च नभएको र आयोजकद्वारा नै दुवै पक्षलाई शुद्ध शाकाहारी भोजनको व्यवस्था गरिएको थियो।

समाजमा छोरी बोझ होइनन् भनेर दाइजोप्रथा अन्त्य गर्ने सन्देश दिनुका साथै कन्या भ्रूणहत्या जस्तो घृणित कार्यलाई पनि समाप्त गरिरहेको छ। कार्यक्रममा ठूलो सङ्ख्यामा नेपाल-भारतलगायत विभिन्न देशहरूबाट श्रद्धालुहरू सहभागी भएका थिए।






# मालवाहक ट्रक राजस्व चलान

प्रस, वीरगंज, २१ भदौ/

जिल्ला प्रहरी कार्यालय, पर्साले हिजो राति पौने ११ बजे वीरगंज महानगर-



१४ गण्डक सडकखण्डबाट मालवाहक ट्रक नियन्त्रणमा लिएर बिहीवार राजस्व अनुसन्धान कार्यालय, पथलैया चलान गरेको छ।

जिप्रका, पर्साले जनाए अनुसार बाग्मती प्रदेश ०१-००६ ख २७३१ नम्बरको मालवाहक ट्रकलाई रोकी जाँच गर्ने क्रममा बिलबीजकभन्दा बढी मालवस्तुहरू लोड रहेको तथा बिलबीजक शङ्कास्पद देखिएको हुँदा प्रहरीले नियन्त्रणमा लिएको थियो। वीरगंजबाट सो ट्रक काठमाडौं गइरहेको र ट्रकमा केमिकल तथा खुद्रा सामानहरू लोड रहेको जिप्रका, पर्साले जनाएको छ।

# खेलकूदको संसार

## नेपाल सितेरियो कराते सङ्घको अध्यक्षमा धावा गुरुङ

प्रस, निजगढ, २१ भदौ/


अध्यक्ष : धावा गुरुङ (दावा)

नेपाल सितेरियो कराते सङ्घको बाराको निजगढमा बुधवार सम्पन्न दोस्रो साधारणसभा तथा महाधिवेशनले अध्यक्ष पदमा धावा गुरुङ सर्वसम्मत निर्वाचित भएका छन्।

त्यसैगरी, अन्य पदाधिकारीहरूमा सङ्घको वरिष्ठ उपाध्यक्ष मजेन्द्र सिंह, उपाध्यक्ष राजीवकुमार थापा, उपाध्यक्ष किशोर भट्टराई, उपाध्यक्ष पालछङ हेन्जन र सदस्यहरूमा प्रेमलाल बमजन, देवकुमार लामा, प्रकाशमोहन धौबडेल, राजेन्द्र बराल, विजयमान थापा, हरिबहादुर घर्ती, हेमन्तकुमार मल्ल, उमा महतो, मणिराज मगर, धर्मप्रसाद न्यौपाने, विजय गुरुङ, विजयकुमार बस्नेत, मधु लामा, राधिका देउला, जानकी सेढाई महर्जन, कृष्ण गौतम, प्रेमबहादुर राना, मिलनराज प्रसाईं, ज्ञानबहादुर जिम्वा सर्वसम्मत निर्वाचित भएका हुन्। अन्य पदाधिकारीहरू मनोनीत हुने जनाइएको छ।

## एशियाड : आर्चरीमा उत्साहित छन् खेलाडी

कास्की, २१ भदौ/रासस

विभागीय टोली नेपाल प्रहरीमा आबद्ध पोखराका तिलक पुनमगर हरेक दिन सबेरै पोखरा रङ्गशालाभित्रको आर्चरी मैदानमा आइपुग्छन्। हातमा 'एरो' बाण र 'बो' धनुष बोकेर त्यसपछि उनी 'टार्गेट'मा केन्द्रित हुन्छन्। त्यहाँ उनीलगायत चार खेलाडी साउन पहिलो सातादेखि आर्चरीको बन्द प्रशिक्षणमा छन्।



तस्वीर: सौजन्य

आगामी असोज ६ गतेदेखि मित्रराष्ट्र चीनको हाङ्झावमा १९औं संस्करणको एशियाली खेलकूद (एशियाड) नजीकिँदै जाँदा मगरमा उत्साह सँगसँगै मनमा डर छ। इन्डोनेशियामा चार वर्षअघि १८औं संस्करणमा उनी एशियाली खेलकूदमा पहिलोपटक सहभागी भएका थिए।

पहिलो सहभागितामा प्रदर्शन राम्रै भएकाले मगर यसपटक थप मेहनत गर्दै रेकर्ड सुधार्ने लक्ष्यमा छन्। अभ्यास गर्दा राष्ट्रिय रेकर्ड ६५ मिटर आसपास हानेकाले यसपटक पहिलाको रेडर्क ब्रेक गर्नेमा उनी आशावादी छन्।

"इन्डोनेशियामा पहिलो सहभागिता भएकाले खेल्दा 'कन्फिडेन्स' थिएन, तर राम्रो स्कोर हानेको थिएँ, अहिले राम्रो तयारी गरेको छु, बिग्रन्छ कि भन्ने मनमा डर भएपनि नियमित अभ्यास र अनुभवले राम्रो गर्छु भन्ने लागेको छ," पुनले भने। यसपटक बन्द प्रशिक्षणबाहेक पनि वर्षभरि नै अभ्यास गरेकाले आफ्नो प्रदर्शन राम्रो हुनेमा उनी आशावादी देखिन्छन्।

नेपालले एशियाली खेलकूदमा आर्चरीमा १६औं संस्करणदेखि सहभागिता जनाउँदै आएको छ। यसअघि तीनपटकको सहभागितामा केबल भाग लिनुमा मात्रै सीमित भएको छ। नेपालले पदक जित्न सकेको छैन, तर खेलाडीमा पदकको आस भने कायमै छ। पहिलो सहभागितामा नेपालले क्वाटरफाइनलसम्मको यात्रा तय गरेको थियो। त्यसयता समूह चरणबाट माथि बढ्न सकेको छैन।

एशियाडमा आर्चरीको 'रिकर्भ' र 'कम्पाउन्ड' विधामा नेपालले प्रतिस्पर्धा गर्नेछ। रिकर्भमा तिलकसहित मञ्जु बजगाईं र कम्पाउन्डमा योगेन्द्र शेरचन तथा इमायिङ राई छन्। कम्पाउन्ड विधामा प्रतिस्पर्धाको तयारी गरिरहेका शेरचन यसपटक सेमिफाइनलसम्म पुग्ने आफूहरूको लक्ष्य रहेको बताउँछन्। बन्द प्रशिक्षण राम्रो भएपनि पर्याप्त खेल सामग्री प्राप्त नहुँदा भने उनी चिन्तित छन्। शेरचनले आफ्नै लगानीमा खेल सामग्री जुटाएर अभ्यास गरेको बताए।

उनले भने, "राखेपले पर्याप्त उपकरण दिएको छैन, एरोको सबै सेट मागेका थियौं, तर एरो मात्र दिएको छ, आफैंले रु अढाई लाख खर्च गरेर बो किनेर अहिले अभ्यास गरिरहेको छु, गत साउन १ गतेदेखि बन्द प्रशिक्षण शुरू भएसँगै उपकरण दिएको भए हामीहरूको प्रदर्शन निखारिएर आउने थियो।"

एशियाडमा शेरचनको यो पहिलो सहभागिता हो। प्रतियोगितालाई लिएर उनी उत्साहित छन्। आर्चरीको ओलम्पिकमैं सहभागिता जनाउन लागेको जस्तो लागेको उनी बताउँछन्। "ओलम्पिकमा एशियाली देशहरू नै सेमिफाइनल पुग्ने गरेकाले एशियन खेलकूद पनि ओलम्पिक जस्तै लागेको छ," खेलाडी शेरचनले भने। आर्चरीको प्रदर्शन राम्रो गर्नका लागि विदेशी प्रशिक्षकको खाँचो भएको खेलाडीको भनाइ छ।

पोखरा रङ्गशालामा सञ्चालन भइरहेको बन्द प्रशिक्षणमा वसन्त थकालीले टोलीलाई प्रशिक्षण दिएका छन्। उनलाई नेपाल आर्चरी सङ्घका केन्द्रीय अध्यक्ष दीपक गुरुङले समेत साथ दिएका छन्। प्रशिक्षक थकालीले बन्द प्रशिक्षणमा खेलाडीको स्तर छनोट चरणभन्दा राम्रो भएको बताए। खेलाडीको 'फिजिकल फिटनेस'सँगै प्रयोगात्मक र सैद्धान्तिक पक्षलाई जोड दिएर बन्द प्रशिक्षण सञ्चालन भइरहेको उनको भनाइ छ।

नेपाली टोलीले काठमाडौंमा एक महीना अभ्यास गरेपछि साउन १ देखि पोखरामा बन्द प्रशिक्षण सञ्चालन गरिरहेको छ। "बर्खामा मौसमले चुनौती दिए पनि भिजेरै अभ्यास गरिरहेका छौं, तालिकाभन्दा पनि बढी अभ्यास गरिरहेका छौं, खेलाडीको छनोटमा भन्दा बढी स्कोर आएको छ, प्रगति भएको छ, सकेसम्म केही न केही पदक ल्याउँछौं भन्ने लागेको छ," प्रशिक्षक थकालीले भने।

एशियाडका लागि आर्चरीको छनोटमा सुरुआतमा नवौं सहभागी २० खेलाडीमध्येबाट १६ जना छनोट गरिएको थियो। त्यसपछि तीनपटक छनोट गरी चारजनामा झारिएको बताइन्छ। एशियाली खेलकूद (एशियाड)को १९औं संस्करण हरेक चार वर्षमा हुने यस प्रतियोगितामा एशिया महादेशका राष्ट्रहरूले प्रतिस्पर्धा गर्छन्। नेपालले पनि प्रतियोगिताका विभिन्न २९ खेलमा सहभागिता जनाउँदैछ।

## एशिया कप क्रिकेटमा छक्का प्रहार गर्ने खेलाडी पुरस्कृत

काठमाडौं, २१ भदौ/रासस

इन्स्पायर नोबल फाउन्डेशनले एशिया कप क्रिकेट प्रतियोगिता अन्तर्गत भारतविरुद्धको खेलमा छक्का प्रहार गरेका दुई नेपाली खेलाडीलाई बिहीवार रु दुई लाख प्रदान गरेको छ।

एशिया कप-२०२३ अन्तर्गत भारतविरुद्धको खेलअघि फाउन्डेशनले छक्का प्रहार गर्ने प्रतिखेलाडीलाई रु एक लाख प्रदान गर्ने घोषणा गरेको थियो। जस अनुसार खेलकूद पत्रकार मञ्चको रोहबरमा आज आयोजित कार्यक्रममा भारतविरुद्ध छक्का प्रहार गरेका नेपालका कुशल भुर्तेल र सोमपाल कामीलाई जनही रु एक लाख प्रदान गरिएको हो।

भारतविरुद्धको खेलमा कुशल र सोमपालले समान दुई छक्का प्रहार गरेका थिए। कुशल र सोमपाललाई फाउन्डेशनको तर्फबाट सुशील रेग्मीले चेक हस्तान्तरण गरे। फाउन्डेशनले भारतविरुद्ध छक्का प्रहार गर्ने तथा विकेट लिने प्रत्येक खेलाडीलाई नगदबाट पुरस्कृत गर्ने घोषणा गरेको थियो।

इन्स्पायर नोबेल फाउन्डेशन अमेरिकामा रहेका गैरआवासीय नेपालीले खोलेको संस्था हो। पुरस्कृत भएपछि दुवै खेलाडीले यसबाट आफूलाई थप हौसला मिलेको बताउँदै फाउन्डेशनलाई धन्यवाद दिएका थिए।

### औषधि व्यवसायी सङ्घ ...

परिवर्तन गरि व्यावसायिक फर्मलाई अन्य कम्पनी जस्तै प्रत्येक पाँच वर्षमा नवीकरण गर्न पाउनुपर्ने, नवीकरण नगर्दा एक हजार प्रतिशत जरिवाना गर्नुपर्ने प्रावधानलाई खारेज गर्नुपर्ने, गैरकानूनी औषधिपसलहरूलाई औषधि व्यवस्था विभागले बन्द गर्नुपर्नेलगायतका माग गरेका छन्। साथै सरकारले लागू गरेको नयाँ लेबलिङको प्रावधानले आफूहरू समस्यामा परेको बताउँदै कडाइका साथमा लागू भयो भने नेपाली बजारमा औषधिको चरम अभाव सिर्जना हुने चेतावनी दिए। हरेक औषधिमा उत्पादकको नाम, आयातकर्ताको नाम, एग्जीम कोड, सम्पर्क नम्बरलगायत उल्लेख गरी लेबल लगाउन कठिन र चुनौतीपूर्ण काम भएकोले यसमा सरकारले संशोधन गर्नुपर्ने व्यवसायी सङ्घको माग छ।

सङ्घको अध्यक्षको लागि वीरगंजका औषधि व्यवसायी प्रकाश खण्डेलवाल र बुटवलका व्यवसायी लोकहरि श्रेष्ठले आन्तरिक दाबेदारी दिएको बुझिएको छ।